

तुर्माखाँद गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

## तुर्माखाँद, अछाम

सुदुरपश्चिम प्रदेश, अछाम



# दश वर्षे शिक्षा क्षेत्र योजना

## (२०८०/०८१ देखि २०८९/०९०)

तुर्माखाँद गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

**तुर्माखाँद, अछाम**

सुदुरपश्चिम प्रदेश, अछाम

# दश वर्षे शिक्षा क्षेत्र योजना

**(२०८०/०८१ देखि २०८९/०९०)**

**तुर्माखाँद गाउँ कार्यपालिकाबाट प्रमाणिकरण मितिः २०८२।०१।३०**

प्रमाणिकरण गर्नेको

दस्तखतः

श्री डम्बर बहादुर बि.सी.

अध्यक्ष

तुर्माखाँद गाउँपालिका, अछाम

सुदूरपश्चिम प्रदेश

तुर्माखाँद गाउँपालिका
TURMAKHAND RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

तुर्माखाँद, अछाम, सुदूरपश्चिम प्रदेश, नेपाल
Turmakhand, Achham, Sudurpashchim, Province, Nepal



प.सं. २०८१/०८२
च.नं. ................

मिति २०८२/०१/३०
ने.स.११४५ बछलागा,पारु मंगलबार

## अध्यक्षको भनाइ

हाम्रो तुर्माखाँद गाउँपालिका **"शिक्षा, कृषि र जलाधार, समृद्ध तुर्माखाँदको मुल आधार"** भन्ने मुलनाराका साथ समृद्धी सहितको विकासको यात्रामा छ। यस अन्तर्गत गाउँपालिकाको शिक्षा तर्फको दश वर्षे गाउँ शिक्षा क्षेत्र योजना निर्माण हुन लागेकोमा अत्यन्त खुशी लागेको छ। Buttom up planning Approach बाट सरोकारवालाहरुको सहभागितामा गाउँ शिक्षा क्षेत्र योजना निर्माण गर्न स्रोत साधनको बहुउपयोग गरी बालबालिकामैत्री गुणस्तरीय शिक्षा प्रदान गर्न निकै उपयोगी हुने र आगामी दिनहरुमा यो आवधिक योजनालाई मार्गदर्शनको रुपमा लिई सिमीत स्रोत साधनको न्यायोचित बाँडफाँड गरी अधिकतम् उपलब्धि हाँसिल गर्न कोसेढुंगा सावित हुनेछ भन्ने विश्वास लिएको छु।

तुर्माखाँद गाउँपालिकामा सबै विद्यालयहरुलाई Centre for Excellence निर्माण गरी Education Hub को रुपमा पहिचान स्थापना गर्न सक्षम हुनेछ भन्ने लक्ष्य निर्धारण गरिएकोछ। संविधानको अनुसूची-८ अनुसार बनेको स्थानीय सरकार सञ्चालन ऐन कार्यान्वयनमा आएपछी विद्यालय तहगत शिक्षाको सम्पूर्ण व्यबस्थापन गर्ने जिम्मेवारीलाई गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै शैक्षिक सुधारका लागि विभिन्न अभियानहरु सञ्चालन गर्दै आएको सर्वविभितैछ।

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को (ज) बमोजिम गरिएको व्यबस्थामा कार्यान्वयन गर्ने क्रममा सामुदायिक विद्यालय तहको शैक्षिक सुधार, प्रशासनीक व्यबस्थापन, भौतिक विकास सहितको शैक्षिक योजनालाई आधारभूत तह र माध्यमिक तहको शिक्षा व्यवस्थापन गर्न स्थानीय तहलाई जिम्मा भएकोले शैक्षिक प्रशासन, व्यवस्थापन र शैक्षिक योजनालाई व्यवस्थित गर्नका लागि आवधिक योजनाको अपरिहार्यता महशुस गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति प्रदान गर्न गराउन यो सूक्ष्म योजनाको रुपमा विकास गरी मिति २०८२।०१।३० गते गाउँ कार्यपालिकाबाट पारित गरी कार्यान्वयनमा लैजानको लागि स्वीकृति प्रदान गरिएको थियो । स्थानीय सरकार, गाउँपालिकामा क्रियाशील गैर सरकारी संघ संस्था, सामुदायिक विद्यालयहरुले समेत यसै योजनाका लक्ष्य, उद्देश्य र कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनमा अपेक्षित सहकार्य र सहयोग गर्नु हुनेछ भन्ने पूर्ण विश्वास राख्दछु।

अन्त्यमा आवधिक शिक्षा क्षेत्र योजना निर्माण गर्न युनिसेफ, सामुदायिक विकास केन्द्र ( CDC) डोटी र मस्यौदा लेखन कार्यदल समिति तथा उप- समिति र सरोकारवालाहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !!**

डम्बर बहादुर बि.सी.
अध्यक्ष

डम्बर बहादुर बि.सी.
अध्यक्ष

Email:- ito.turmakhadmun@gmail.com /info@turmakhadmun.gov.np
Website:- https:// www.turmakhadmun.gov.np

*" शिक्षा, कृषि र जलाधार, समृद्ध तुर्माखाँदको मुल आधार "*

तुर्माखाँद गाउँपालिका

TURMAKHAND RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

तुर्माखाँद,अछाम, सुदूरपश्चिम प्रदेश,नेपाल

Turmakhand, Achham, Sudurpashchim, Province,Nepal




प.सं. २०८१/०८२

च.नं. ................

मिति २०८२/०१/३०

ने.स.११४५ बछलागा,पारु मंगलबा

## मेरो भनाई

लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित रही समाजवाद उन्मुख समावेशी राष्ट्र निर्माणमा शिक्षाको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ। शिक्षा केवल व्यक्तिको आधारभूत आवश्यकता नभई संविधानले प्रत्याभूत गरेको मौलिक हक हो, जसले व्यक्तिको सोच, व्यवहार र जीवनशैलीमा परिवर्तन ल्याई सामाजिक रुपान्तरणमा योगदान पुर्याउँछ। त्यसैले शिक्षालाई सबैका लागि सहज, समावेशी, गुणस्तरीय, जीवनोपयोगी र प्रतिस्पर्धात्मक बनाउन आवश्यक छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तह जनसरोकारका विषयमा प्रत्यक्ष जिम्मेवार हुने भएकाले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, पशुपालन, रोजगारी तथा जनजीविकासँग सम्बन्धित आवश्यकताहरूको सम्बोधनमा स्थानीय तहको भूमिका निर्णायक हुन्छ। विशेष गरी शिक्षाले व्यक्तिको क्षमता विकासमार्फत समाज र राष्ट्र परिवर्तन गर्ने कार्य गर्दछ, त्यसैले प्रत्येक बालबालिका तथा नागरिकलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो। यसका लागि स्पष्ट शिक्षा नीति, प्रयास बजेट, सुधारमुखी कार्यक्रमको छनोट र प्रभावकारी कार्यान्वयन अपरिहार्य हुन्छ। साथै, राष्ट्रिय शिक्षाका उद्देश्यहरू प्रास गर्न तीनवटै तहका सरकारबीच समन्वय र साझा प्रतिबद्धता आवश्यक हुन्छ।

यसै सन्दर्भमा, तुर्माखाँद गाउँपालिकाले गाउँ भित्रको शैक्षिक अवस्था सुधार गर्दै यसलाई शैक्षिक गन्तव्यको थलोका रूपमा विकास गर्ने प्रतिबद्धताका साथ १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ। यस योजनामा नीति, लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरू समेटिएका छन्, जुन कतिपय महत्वाकांक्षी र केही स्थानमा दोहोरिएका वा छुट्न सक्ने सम्भावना भए तापनि समग्रमा व्यापक र दूरदर्शी छन्। योजना निर्माण टोलीले गहन छलफल र समावेशी सहभागितामार्फत आवश्यक पक्षहरू समेट्ने प्रयास गरेको छ। यसको सफल कार्यान्वयनका लागि संघीय, प्रदेश र स्थानीय तहको समन्वयका साथै जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संघ-संस्था, शैक्षिक क्षेत्रका सरोकारवालाहरूको निरन्तर सहयोग अपेक्षित छ।

अन्त्यमा, यस योजनाको मस्यौदा तयार पार्नमा सक्रिय सहभागिता जनाउनु हुने युनिसेफ, सामुदायिक विकास केन्द्र (CDC) डोटी, बुद्धिजीवी वर्ग, शिक्षाविद्, मस्यौदा उप-समिति, शिक्षक/शिक्षिका तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्ने सम्पूर्ण महानुभावहरूलाई हार्दिक आभार प्रकट गर्दछु। हामी सबैको साझा संकल्प, प्रतिबद्धता र सहयोगमार्फत मात्र यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न सकिने विश्वास लिएको छु।

**धन्यवाद !!**


...........................

विमला कुमारी शाही

उपाध्यक्ष

विमला कुमारी शाही

उपाध्यक्ष



# दुई शब्द

दश वर्षे गाउँ शिक्षा क्षेत्र योजना तुर्माखाँद गाउँपालिकाको आ.ब.२०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार शिक्षा क्षेत्रको शैक्षिक, भौतिक मानवीय र आर्थिक अवस्था चित्रण गर्नुका साथै आगामी दश वर्षमा शिक्षा क्षेत्रमा गरिने सम्पूर्ण कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न मार्गनिर्देशन गर्ने हेतुले तयार पारिएको हो । तुर्माखाँद गाउँपालिका र युनिसेफको आर्थिक तथा सामुदायिक विकास केन्द्र (CDC) डोटीको प्राविधिक सहयोगमा यो गाउँ शिक्षा क्षेत्र योजना तयार पारिएको हो ।दश वर्षे गाउँ शिक्षा योजना तुर्माखाँद गाउँपालिकाको आर्थिक र मानवीय क्षेत्रका तथ्याङ्क प्रस्तुत तथा विश्लेषण गरी आगामी दश वर्षमा शिक्षा क्षेत्रमा के कस्ता कार्यक्रम परिचालन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिने र सो को व्यस्थापनमा मार्ग दर्शन यस योजनाले गर्नेछ। अर्थात आगामी दश वर्षमा तुर्माखाँद गाउँपालिकामा सञ्चालन गरिने शिक्षा क्षेत्र सम्वन्धी कार्यक्रम यसै योजनालाई आधार मानेर गरिने छन्। दश वर्षमा गाउँ शिक्षा क्षेत्र योजनामा प्रयोग गरिएका तथ्याङ्कहरु विश्वनीय तथा त्रुटिरहित बनाउने प्रयास गरिएको छ। विश्वसनिय र त्रुटिरहित बनाउने प्रयास गर्दा गर्दै कही कतै त्रुटी भएमा अमुल्य सुझाव दिई सहयोग गरिदनुहुनेछ भन्ने विश्वास राखेको छु।यस गाउँ शिक्षा क्षेत्र योजनामा तुर्माखाँद गाउँपालिकाको शैक्षिक, भौतिक, आर्थिक र मानवीय क्षेत्रका तथ्याङ्क प्रस्तुत तथा विश्लेषण गरी तालिकावद्धरुपमा समावेश गरिनुका साथै आगामी दश वर्षमा गरिने शिक्षा सम्वन्धी योजना तथा कार्यक्रम समावेश गरिएको शिक्षा क्षेत्रका अनुसन्धानकर्ता र संघ, प्रदेश र स्थानीय तहका कार्यालयमा सन्दर्भ सामाग्रीका रुपमा प्रयोगमा ल्याउन सहयोगी हुने विश्वास लिएको छु।

अन्त्यमा यो आवधिक शिक्षा क्षेत्र योजना निर्माण गर्न मस्यौदा समितिको सहजिकरणमा दश वर्षे शिक्षा क्षेत्र योजना तयार गर्ने कार्यमा खटिनु हुने मस्यौदा लेखन कार्यादल समिति, उप-समिति, युनिसेफ र सामुदायिक विकास केन्द्र ( CDC) डोटीलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !!**

**महेन्द्र बहादुर शाही**
**सामाजिक विकास समिति सभापती**
**तथा**
**शिक्षा योजना निर्माण कार्यदल समिति संयोजक**
**तुर्माखाँद गाउँपालिका,अछाम**

तुर्माखाँद गाउँपालिका
TURMAKHAND RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
तुर्माखाँद,अछाम, सुदूरपश्चिम प्रदेश,नेपाल
Turmakhand, Achham, Sudurpashchim, Province,Nepal


प.सं. २०८१/०८२
च.नं. ................

मिति २०८२/०१/३०
ने.स.११४५ बछलागा,पारु मंगलबार

# मेरो भनाइ

शिक्षा सभ्यताको मुहान, समाज रूपान्तरणको महत्त्वपूर्ण माध्यम एवम् विकास र समृद्धिको आधार पनि हो। नेपालले सङ्घीय शासन प्रणाली अवलम्बन गरेसंगै नेपालको संविधानले स्वः शासन र साझेदारी शासनको परिकल्पना गरेको छ। स्वः शासनकोरुपमा नेपालको संविधानको अनुसुची ८ मा स्थानिय तहका २२ वटा एकल अधिकार रहेका छन् जसमा आधारभूत र माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थित ढङ्गले अगाडी बढाउन सक्ने हो भने सक्षम मानव पूँजीको निर्माण भई विकासमा समग्र पक्षहरुमा समारात्मक प्रभाव पर्ने हुन्छ। अतः तुर्माखाँद गाउँपालिकाले वर्तमानमा रहेको यथार्थ शैक्षिक अवस्थाको विश्लेषण गरि भविष्यमा शैक्षिक क्षेत्रलाई कुन अवस्थासम्म पुर्‍याउन भन्ने ध्येयका साथ यो १० वर्षे शिक्षा क्षेत्र योजना तयार गरेको छ।

संघियता स्थापना पछिको समयमा राज्यको पूनःसंरचना संगै संघ, प्रदेश र स्थानिय तह गरि तिन वटै तहका सरकारहरुले शिक्षालाई साझा र एकल दुबै अधिकारको रुपमा बोध गरि कार्य गर्ने सन्दर्भमा नयाँ शिक्षा क्षेत्र योजनाको आवश्यकता परेको देखिन्छ। विद्यालय क्षेत्र विकास योजनाको समाप्ति पछि तिन वटै तहमा एउटै कार्य ढाँचामा निर्माण भएको यस योजनाले तुर्माखाँद गाउँपालिकालाई यथार्थमा १० वर्ष पछि सबै शैक्षिक गन्तव्य बन्ने कुरामा आशावादी रहेको छु।

शिक्षा क्षेत्र योजना तयार गर्दा नेपालको संविधानले शिक्षासम्बन्धमा व्यवस्था गरेका प्रावधानहरु, शिक्षासम्बन्धि राष्ट्रिय तथा प्रादेशिक नीतिहरु, सोहि योजनाको अवधारणापत्र, दिगो विकास लक्ष्य लगायतलाई मार्गदर्शनको रुपमा लिई स्थानीय आवश्यकता र प्राथमिकता निर्धारण गरी व्यवहारिक र कार्यान्वियन योग्य बनाउने प्रयत्न भएको छ। पहिलो अनुभवमा नै योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य भएको छ तापनि यो योजना निर्माणमा योजना निर्माण मस्यौदा कार्यदल समितिको काम अत्यन्तै प्रशंसा योग्य रहेको छ। शिक्षा क्षेत्र योजना निर्माणमा नेतृत्व गर्ने आदरणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, सामाजिक विकास समिति संयोजक ज्यू, कार्यपालिका सदस्यहरु, लेखन समिति र शिक्षा समितिका आदरणीय पदाधिकारी, शिक्षक महासंघ, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरु, बालकल्याण प्रतिनिधि तथा योजनालाई निखार ल्याउनका लागि आ-आफ्नो ठाउँमा अमुल्य सहयोग, सुझाव र पृष्ठपोषण प्रदान गर्नु हुने सम्पूर्ण शैक्षिक सरोकारवालाहरुमा हार्दिक धन्यवाद प्रकट गर्दछु। तुर्माखाँद गाउँपालिका शिक्षा क्षेत्र योजना निर्माणमा सहयोग गर्नु हुने युनिसेफ र सामुदायिक विकास केन्द्र (CDC) डोटीलाई धन्यवाद सहित स्मरण गरिरहेको छु। अन्त्यमा यस योजनाको पूर्ण प्रभावकरी कार्यान्वियनको अपेक्षा गरेको छु।

धन्यवाद !!

२०८२/१/३०

धर्मराज खत्री
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज खत्री
प्रमुख प्रशासकीय अधिकृत


Email:- ito.turmakhadmun@gmail.com /info@turmakhadmun.gov.np
Website:- https:// www.turmakhadmun.gov.np

" शिक्षा, कृषि र जलाधार, समृद्ध तुर्माखाँदको मुल आधार "

# तुर्माखाँद गाउँपालिका
TURMAKHAND RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
तुर्माखाँद, अछाम, सुदूरपश्चिम प्रदेश, नेपाल
Turmakhand, Achham, Sudurpashchim, Province,Nepal




प.सं. २०८१/०८२
च.नं. ................

मिति २०८२/०१/३०
ने.स.११४५ बछलागा,पारु मंगलबार

कृतज्ञता !!

नेपालको संविधानले शिक्षा सम्बन्धी व्यवस्था गरेका प्रावधानहरु, शिक्षा सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक नीतिहरु, सोहि योजनाको अवधारणा पत्र, दिगो विकास लक्ष्य लगायतलाई मार्गदर्शनको रुपमा लिई स्थानीय आवश्यकता र प्राथमिकता निर्धारण गरी व्यवहारिक र कार्यान्वियन योग्य बनाउने प्रयत्न भएको छ। संघीयता स्थापना पछिको समयमा राज्यको पूनःसंरचना संगै संघ, प्रदेश र स्थानिय तह गरि तिन वटै तहका सरकारहरुले शिक्षा क्षेत्रलाई साझा र एकल दुबै अधिकारको रुपमा बोध गरि कार्य गर्ने सन्दर्भमा नयाँ शिक्षा क्षेत्र योजनाको आवश्यकता परेको देखिन्छ। विद्यालय क्षेत्र विकास योजनाको समाप्ति पछि तिन वटै तहमा एउटै कार्य ढाँचामा निर्माण भएको यस योजनाले तुर्माखाँद गाउँपालिकालाई १० वर्ष सम्म शैक्षिक गन्तव्य बनाउने कुरामा आशावादी रहेको छु।

दश वर्षमा गाउँ शिक्षा क्षेत्र योजनामा प्रयोग गरिएका तथ्याङ्कहरु विश्वनीय तथा त्रुटिरहित बनाउने प्रयास गरिएको छ। यस गाउँ शिक्षा क्षेत्र योजनामा तुर्माखाँद गाउँपालिकाको शैक्षिक, भौतिक, आर्थिक र मानवीय क्षेत्रका तथ्याङ्क प्रस्तुत तथा विश्लेषण गरी तालिका वद्धरुपमा समावेश गरिनुका साथै आगामी दश वर्षमा गरिने शिक्षा सम्वन्धी योजना तथा कार्यक्रम समावेश गरिएको शिक्षा क्षेत्रका अनुसन्धानकर्ता र संघ, प्रदेश र स्थानीय तहका कार्यालयमा सन्दर्भ सामाग्रीका रुपमा प्रयोगमा ल्याउन सहयोगी हुने विश्वास लिएको छु।

अन्त्यमा तुर्माखाँद गाउँपालिकाको शिक्षा क्षेत्र योजना निर्माण गर्न जटिल र चुनौतीपूर्ण कार्य भएतापनि यो योजना निर्माणकार्यमा मस्यौदा कार्यदल समिति तथा उप-समितिको काम अत्यन्तै प्रशंसा योग्य रहेको छ। शिक्षा क्षेत्र योजना निर्माणमा नेतृत्व गर्ने आदरणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, सामाजिक विकास समिति संयोजक ज्यू, कार्यपालिका सदस्यज्यूहरु, लेखन समिति र शिक्षा समितिका पदाधिकारी, शिक्षक महासंघ, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, बालकल्याण प्रतिनिधि तथा योजनालाई निखार ल्याउनका लागि आ-आफ्नो ठाउँमा अमुल्य सहयोग, सुझाव र पृष्ठपोषण प्रदान गर्नु हुने सम्पूर्ण शैक्षिक सरोकारवालाहरु सहित तुर्माखाँद गाउँपालिका शिक्षा क्षेत्र योजना निर्माणमा प्राविधिक सहयोगमा खटिनु हुने युनिसेफ र सामुदायिक विकास केन्द्र (CDC) डोटीलाई हार्दिक कृतज्ञता प्रकट गर्दछु।

........................
भीम बहादुर चलाउने
शाखा प्रमुख
शिक्षा युवा तथा खेलकुद शाखा

भीम बहादुर चलाउने
शिक्षा शाखा प्रमुख


Email:- ito.turmakhadmun@gmail.com /info@turmakhadmun.gov.np
Website:- https:// www.turmakhadmun.gov.np

*" शिक्षा, कृषि र जलाधार, समृद्ध तुर्माखाँदको मुल आधार "*

## कार्यकारिणी सारांश

शिक्षा विकासको प्रमुख मेरुदण्ड हो। देश संघीय शासन प्रणालीमा रहेको अवस्थामा शिक्षा क्षेत्र पनि संघीयता सँगै कार्यान्वयन भइरहेको छ। स्थानीय तहलाई हाल आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार प्रदान गरिएको छ। स्थानीय तहलाई हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले जम्मा २३ वटा अधिकारहरु प्रदान गरेको छ। सो अधिकारहरुलाई हाल स्थानीय तहले कार्यान्वयन गरिएको अवस्था छ। उक्त अधिकारहरु कार्यान्वयन गर्नको लागि स्थानीय तह अन्तर्गत शिक्षा हेर्ने विभाग वा महाशाखा वा शाखाको स्थापना गरिएको छ ।

नेपालमा केही दशकदेखि शिक्षा क्षेत्रमा सुधारोन्मुख स्थिति देखिएता पनि बालवालिकाको गुणात्मक शिक्षा तथा उनीहरुको सिकाई उपलब्धिमा अपेक्षित नतिजा हाँसिल हुन सकेको छैन। अझै पनि कमजोर आर्थिक अवस्था तथा अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउन सकिएको छैन। यस कारण तुर्माखाँद गाउँपालिकाले कमजोर आर्थिक अवस्था भएका तथा अपाङ्गता भएका तथा अन्य सबै खाले बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याई गुणस्तरीय तथा समतामूलक शिक्षा प्रदान गर्दै बालवालिकाको कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने दरलाई न्यूनीकरण गरी उनीहरुको सिकाइ उपलब्धि वृद्धि गर्ने, तह पूरा गर्ने दरमा वृद्धि गरी समग्र गाउँपालिकाको शैक्षिक अवस्थामा सुधार गरी जिल्लाको शिक्षा क्षेत्रको अग्रणी गाउँपालिका बनाउने उद्देश्यका साथ यो शिक्षा योजना तयार गरिएको हो ।

संविधान प्रदत्त अधिकारको प्रयोग तथा कार्यान्वयन गर्दै जनताको सबैभन्दा नजिकको सरकारको हैसियतले सबै नागरिकलाई समतामूलक, गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षा प्रदान गर्नु सरकारको दायित्व हुन आउछ। नेपालको संविधान २०७२ अनुसार देश संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि हाम्रो देशमा तीन तहको सरकार क्रियाशिल रहेका छन। यी तीनै तहको सरकारको जिम्मेवारीमा शिक्षा क्षेत्रका अधिकारहरु बाँडफाँड गरिएका छन। संविधानको अनुसूच-५ मा संघीय सरकारको क्षेत्रभित्र पर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ भने अनुसूची-६ मा प्रदेश सरकारको अधिकारको सूची उल्लेख गरेको छ। संविधानको अनुसूची-७ मा संघ र प्रदेशले प्रयोग गर्ने संयुक्त अधिकारका सूची समेटिएका छन्। संविधानको अनुसूची-८ मा २२ वटा बिषय समेटी स्थानीय तहको अधिकारको सूची उल्लेख गरिएको छ। संविधानको अनुसूची-९ मा उल्लेखित संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको बिषयमा उल्लेख गरेको छ; जसमा साझा सूचीको रुपमा शिक्षा, खेलकुद तथा पत्रपत्रिका उल्लेख रहेको छ भने शिक्षा सबै तहका सरकारको साझा अधिकारको रुपमा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा सम्बन्धी स्थानीय सरकारका २३ वटा अधिकारहरु सूचिकृत गरिएको छ। सोही अनुरुप स्थानीय सरकारहरुले आफ्नो क्षेत्रको शैक्षिक

अवस्थालाई सुधार गर्न आ-आफ्नो तहमा शैक्षिक योजनाहरु निर्माण गरी शिक्षालाई व्यवस्थित गर्ने प्रयत्न गरिरहेको पाइन्छ।

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति २०७६ तथा बालबालिका ऐन पनि कार्यान्वयनमा आइरहेका छन्। यी सबै ऐन, संविधानले प्रत्याभूत गरेको शिक्षाको मौलिक हकलाई कार्यान्वयन गर्न सहजीकरण गरेको छ। यसै गरी नेपाल सरकारले दिगो विकास लक्ष्य कार्यान्वयन गर्न सहमति जनाएको अवस्था रहेको छ। दिगो विकासका १७ वटा लक्ष्यहरु मध्ये लक्ष्य नं. ४ शिक्षा संग सम्बन्धित छ । चौथो लक्ष्यमा "**सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाईका अवसरहरुमा प्रोत्साहित गर्ने**" लक्ष्य राखेको पाइन्छ। नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोण सहित पन्ध्रौं योजना २०७७-२०८७ तयारी गरी शिक्षाको विकासका लागि नीतिगत प्राथमिकता उल्लेख गरेको छ।

यी माथि उल्लेखित संवैधानिक अधिकार, नीति, नियम तथा योजनाको कार्यान्वयन गरी सबै बालबालिका तथा व्यक्तिलाई समतामूलक, समावेशी, गुणात्मक तथा जीवनपर्यन्त शिक्षाको सुनिश्चितता गर्न तथा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधि २०७८ असारमा मात्र रहेको छ र यस गाउँपालिकामा पनि शिक्षाको समग्र विकासका लागि शिक्षा क्षेत्रको योजना हालसम्म बनी नसकेको हुँदा तुर्माखाँद गाउँपालिकाको आर्थिक बर्ष२०८०/०८१ तथा शैक्षिक बर्ष २०८१ देखि आर्थिक बर्ष २०८९/०९० तथा शैक्षिक बर्ष २०९० सम्मको १० वर्षे शिक्षा योजना निर्माण गरिएको हो ।

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

विषय सूची

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद,अछाम
सुदूरपश्चिम प्रदेश,नेपाल
२०७३


विषय ..... पेज नं.

परिच्छेद १ ..... १

१.१ पृष्ठभूमि ..... १

**१.२ तुर्माखाँद गाउँपालिकाको सन्दर्भ ..... २**

१.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ ..... ३

१.२.२ आर्थिक सामाजिक सन्दर्भ ..... ४

१.२.३ भूमी सम्बन्धि ..... ४

१.२.४ राजनैतिक तथा प्रशासनिक विभाजन र समानुपातिक विकास ..... ७

१.२.५ भौगोलिक तथा प्रकृतिक स्वरुप ..... ८

१.२.६ प्राकृतिक विपत र तिनको सम्भावना ..... ९

१.२.७ प्राकृतिक स्रोत एवम् विशेषता ..... ९

१.२.८ पुर्वाधार विकास ..... १०

१.२.९ पर्यटकिय एवम् एतिहासिक विशेषता ..... १०

१.२.१० सामाजिक तथा सांस्कृतिक विशेषता ..... ११

१.३ जनसाङ्किक विवरण ..... १३

१.३.१ जनसाङ्किक स्वरुप ..... १३

१.३.२ अपाङ्गता सम्बन्धि विवरण ..... १३

१.३.३ लक्षित जनजातिको जनसंख्या ..... १३

१.३.४ जनसंख्याको प्रक्षपण ..... १४

**१.४ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा ..... १५**

१.४.१ नीतिगत प्रवन्ध ..... १६

१.४.२ शिक्षाको संरचना ..... १६

१.५ तुर्माखाँद गाँउपालिकाको शैक्षिक सन्दर्भ ..... १८

१.५.१ विद्यालय संख्या विवरण ..... १८

१.५.२ उच्च शिक्षा विकास ..... २३

१.५.३ विभिन्न तालिम पुस्तकालय ..... २३

१.५.४ विद्यार्थि संख्या र भर्ना प्रवित्ति ..... २४

१.५.५ शिक्षा क्षेत्रको योजना ..... २८

१.६ दिगो विकासका लक्ष्यहरु ..... २९

१.७ पालिकाको शिक्षा क्षेत्रका मुख्या चुनौतीहरु ..... ३०

१.८ पालिकाको शिक्षा क्षेत्रको विकासका अवसरहरु ..... ३२

**परिच्छेद २ दुर दृष्टी, ध्येय, उद्देश्य, रणनिति तथा लक्ष्य गन्तव्य ..... ३४**

२.१ दीर्घकालिन सोच (Vision) ..... ३४

२.२ ध्येय (Mission) ..... ३४

२.३ प्रमुख उद्देश्यहरु (Objectives)........................................३४
२.४ दीर्घकालिन रणनितिहरु........................................३५
२.५ अपेक्षित मुख्य उपलब्धि........................................३५
२.६ अपेक्षित कार्यसम्पादन सूचक........................................३६
**परिच्छेद ३ शिक्षाका क्षेत्रहरु........................................४३**
३.१ प्रारम्भिक बालविकास र शिक्षा........................................४३
३.१.१ वर्तमान अवस्था........................................४४
३.१.२ उद्देश्य........................................४४
३.१.३ रणनीति........................................४४
३.१.४ प्रमुख उपलब्धि तथा नतिजा........................................४५
३.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य........................................४६
**३.२ आधारभूत शिक्षा........................................ ४८**
३.२.१ वर्तमान अवस्था........................................४८
३.२.२ उद्देश्य........................................४९
३.२.३ रणनीतिहरु........................................५०
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा........................................५०
३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य........................................५१
**३.३ माध्यमिक शिक्षा........................................ ५३**
३.३.१ वर्तमान अवस्था........................................ ५३
३.३.२ उद्देश्य........................................ ५४
३.३.३ रणनीतिहरु........................................ ५५
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा........................................ ५५
३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य........................................ ५६
**३.४ उच्च शिक्षा........................................ ५८**
३.४.१ वर्तमान अवस्था........................................५८
३.४.२ समस्या र चुनौतिहरु........................................ ५९
३.४.३ उद्देश्यहरु........................................ ५९
३.४.४ रणनीतिहरु........................................ ५९
**परिच्छेद ४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरु**
**प्रदेश र संघिय तहसंगको अन्तर सम्बन्ध........................................ ६०**
४.१.१ वर्तमान अवस्था........................................ ६०
४.१.२ उद्देश्य........................................ ६२
४.१.३ रणनीतिहरु........................................ ६३
४.१.४ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य........................................ ६३
४.२ पाठ्यक्रम पाठयपुस्तक सिकाई सामाग्री तथा मूल्याङ्कन........................................ ६४

४.२.१ वर्तमान अवस्था....................................................................................६४
४.२.२ उद्देश्य.................................................................................................६४
४.२.३ रणनितिहरु..........................................................................................६५
४.२.४ प्रमुख उपलब्धि तथा नतिजा.................................................................६५
४.२.५ प्रमुख क्रिययाकलाप र लक्ष्य.................................................................६६
**४.३ शिक्षक व्यवस्थापन र विकास........................................................................६७**
४.३.१ वर्तमान अवस्था....................................................................................६७
४.३.२ उद्देश्य.................................................................................................६७
४.३.३ रणनितिहरु..........................................................................................६७
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा.................................................................६८
४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य...................................................................७१
**४.४ शैक्षिक समता र समावेसिकरण..........................................................................७१**
४.४.१ वर्तमान अवस्था....................................................................................७१
४.४.२ उदेश्य...................................................................................................७२
४.४.३ रणनितिहरु..........................................................................................७२
४.४.४ प्रमुख उपलब्धि तथा नतिजा.................................................................७३
४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य...................................................................७४
**४.५ दिवा खाजा सहित पोषण तथा स्वास्थ्य कार्यक्रम...................................................७५**
४.५.१ वर्तमान अवस्था....................................................................................७५
४.५.२ उदेश्य...................................................................................................७५
४.५.३ रणनितिहरु..........................................................................................७५
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा.................................................................७६
४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य...................................................................७८
**४.६ आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षा...................................................७९**
४.६.१ वर्तमान अवस्था....................................................................................७९
४.६.२ उद्देश्य.................................................................................................८०
४.६.३ रणनितिहरु..........................................................................................८०
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा.................................................................८१
४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य...................................................................८२
**४.७ विद्यालय भौतिक पुर्वाधार विकास.....................................................................८३**
४.७.१ वर्तमान अवस्था....................................................................................८३
४.७.२ उद्देश्य.................................................................................................८४
४.७.३ रणनितिहरु..........................................................................................८४
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा.................................................................८४
४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य...................................................................८५

**४.८ विद्यालयमा सुचना तथा संचार प्रविधि** ........ ८६
४.८.१ वर्तमान अवस्था ........ ८८
४.८.२ उद्देश्य ........ ८८
४.८.३ रणनितिहरु ........ ८८
४.८.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ८९
४.८.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ९०
**परिच्छेद ५ सुशासन तथा व्यवस्थापन** ........ ९१
५.१.१ वर्तमान अवस्था ........ ९२
५.१.२ उद्देश्य ........ ९३
५.१.३ रणनितिहरु ........ ९३
५.१.४ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ९३
**५.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** ........ ९५
५.२.१ वर्तमान अवस्था ........ ९५
५.२.२ उद्देश्य ........ ९६
५.२.३ रणनितिहरु ........ ९६
५.२.४ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ९७
**परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन** ........ ९९
६.१ वर्तमान अवस्था ........ ९९
६.२ उद्देश्य ........ १०३
६.३ रणनितिहरु ........ १०४
६.४ प्रमुख उपलब्धि तथा नतिजा ........ १०४
६.५ प्रमुख क्रियाकलाप लक्ष्यका लागि अनुमानित बजेट ........ १०४
**परिच्छेद ७ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,समन्वय र सहजिकरण** ........ १०६
७.१.१ वर्तमान अवस्था ........ १०६
७.१.२ योजना कार्यान्वयन प्रबन्ध ........ १०७
७.१.३ अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजिकरण ........ १०८
७.१.३.१ वर्तमान अवस्था ........ १०८
७.१.३.२ उदेश्य ........ १०९
७.१.३.३ रणनीतिहरु ........ १०९
७.१.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ११०
अनुसुचीहरु ........ १११
अनुसुची १ ........ १११
अनुसुची २ ........ ११२
अनुसुची ३ ........ ११२
सन्दर्भ सामाग्रीहरु ........ ११३

परिच्छेद १

परिचय

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान अनुसार संघीय गणतन्त्रात्मक राज्य व्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभूत र विशिष्ट प्रकारका मौलिक हकहरू र प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानूनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा लगायत बालबालिकाका हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हाँसिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्य (SDG) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले **"सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने"** लक्ष्य (Aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्रासिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोह्रौं योजना २०८१/०८२ देखि २०८५/०८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गत २०८०/०८१ देखि १० बर्षे विद्यालय शिक्षा क्षेत्र योजना (SESP) सन् २०२२/०२३ देखि २०३१/०३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिप्रेक्ष्यहरूमा टेक्दै यस स्थानीय सरकार तुर्माखाँद गाउँपालिकाले संवैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्षरूपमा पूरा गर्न आफ्नो पालिका तहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिकता सहित आत्मसात गर्न र सिर्जनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि



डम्बर बहादुर खत्री
अध्यक्ष

उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिका तहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि विगतको कोभिड र बेला बखत आइपरेका विभिन्न प्राकृतिक विपद् र महामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप, महामारी तथा आपत् विपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायू परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिका तहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३४ सम्मका लागि शिक्षा विकासको दृष्टिकोण सहित सन् २०२४ देखि २०३४ का लागि आवश्यक स्रोतको आँकलन गरी तयार गरेको छ ।

योजनाको यस पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्ख्यिक स्वरूप, शासकीय स्वरूप लगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौति तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ तुर्माखाँद पालिकाको सन्दर्भ

तुर्माखाँद गाउँपालिका सुदूरपश्चिम प्रदेश अछाम जिल्ला अन्तर्गत पहाडी भौगोलिकता रहेको गाउँपालिका हो । साविक रहफ, भैरबस्थान, तुर्माखाँद, नाडा, रानिवन, तोषी र धमाली गाविस मिलेर बनेको यो गाउँपालिका २३२.०७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस परिच्छेदमा यस क्षेत्रको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकास संभावनाहरुलाई देहाय बमोजिमका शीर्षकहरुमा व्याख्या गरिएको छः

### क) भौगोलिक अवस्थितिः

समुद्री सतहको करिब ५५० मिटर देखि १९०० मिटर सम्मको उचाईमा रहेको यो गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले २८ डिग्री ४४ मिनेट ४० सेकेण्ड देखि २९ डिग्री १ मिनेट ३९ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री १७ मिनेट ५४ सेकेण्ड देखि ८१ डिग्री ३५ मिनेट ५ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। यो गाउँपालिका अछाम जिल्लाको जिल्ला सदरमुकाम मंगलसेनदेखि करिब ५५कि.मि.को दूरीमा पूर्वी भागमा रहेको छ। यस गाउँपालिकाको पूर्वमा दैलेख जिल्ला, पश्चिममा ढकारी गाउँपालिका, उत्तरमा कमलबजार नगरपालिका र दक्षिणमा सुर्खेत जिल्ला रहेको छ।



अध्यक्ष

ख) ऐतिहासिक चिनारी तथा नामाकरणः

तुर्माखाँद गाउपालिका साविकका ७ वटा गाविसहरु रहँफ, भैरवस्थान, तुर्माखाँद, नाडा, रानिवन, तोषी र धमाली मिलेर बनेको हो । यस गाउँपालिकाले ऐतिहासिक रुपले दैलेखसँग सामिप्यता राखेको पाइन्छ भने यहाँको भाषिक प्रभाव पनि दैलेखसँग मिल्दोजुल्दो छ । तुर्माखाँद गाउँपालिकाको नामाकरणको सन्दर्भमा स्थानीय जानकार व्यक्तिहरुका अनुसार हाल बजार रहेको यस तुर्माखाँद क्षेत्रमा धेरै समय पहिला तम्माखु खाने मानिसहरुको जमघट हुने गर्दथ्यो । अछामी भाषामा तम्माखुलाई तम्मु भनिने र डाँडामाथि सम्म परेको स्थानलाई खाँद भनिने हुनाले तम्मु र खाँद मिलेर तुर्माखाँद रहन गएको हो । यही स्थानको नामबाट तुर्माखाँद गाविसको नामाकरण भएको र स्थानीय तह पुर्नसंरचना हुँदा गाउँपालिकाको नामाकरण समेत तुर्माखाँद हुन गएको देखिन्छ ।

## १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भः

नेपाल सामाजिक तथा सांस्कृतिक विविधतायुक्त देश हो । विभिन्न जातजाति, क्षेत्र, समुदायका फरक फरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन् । भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो, नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार १२४ भाषा/भाषिका पहिचान गरिएकोमा तुर्माखाँद गाउँपालिका भित्र ४ वटा ( अछामी, दैलेखी, मगरढुट र नेपाली) भाषा बोलिने गरिएको छ । यस्तो सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आ-आफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधताप्रति सबै समुदायले गौरव गर्ने गर्दछन् । अर्कोतिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधाविहीन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन् । खास गरी जातजाति, भाषाभाषी तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन्, तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन् । यस्ता विभेदहरू हटाउन तत् सम्बन्धी विभिन्न कानूनहरू बनाइएका र लक्ष्यित विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षण तथा विशेष प्रबन्ध पनि गरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता विभेदहरु पूर्णरूपमा हट्न सकेका छैनन् । यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेद रहितताको वातावरण सृजना गर्ने र आवश्यकता अनुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यान दिनु जरुरी छ । यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ । त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानिकारक अभ्यास प्रतिको सचेतताको विकास गर्नु पनि उत्तिकै आवश्यक छ । यसै सन्दर्भमा यस तुर्माखाँद गाउँपालिकामा पनि माथि



डम्बर बहादुर वि.सी
अध्यक्ष

उल्लेख गरिए झैं देखिएका विभेद ,अन्याय, अन्धविश्वास, कुरीति आदिलाई न्यूनीकरण तथा निर्मूल गर्न सचेतताको विकास गर्नु पनि आवश्यक देखिन्छ ।

### १.२.२ आर्थिक सामाजिक सन्दर्भः

तुर्माखाँद गाउँपालिकाको विभिन्न वडाहरुमा बसोवास गर्ने व्यक्तिहरु मध्ये अधिकांश व्यक्तिहरु कृषि पेशामा निर्भर रहेका छन् भने कोही व्यापार,नोकरी,ज्याला मजदुरी,गरेर जिविकोपार्जन गर्दै आएको देखिन्छ ।त्यस्तै कोही व्यक्तिहरु कामको शिलशिलमा छिमेकी मुलुक भारत र वैदेशिक रोजगारीका लागि अन्य मुलुकहरुमा गएको देखिन्छ।यस पालिकामा गरिने कृषि, पशुपालन तथा अन्य गतिविधिहरुको विवरण निम्नानुसार रहेको छ ।

### १.२.३ भुमि (जमीन) सम्बन्धी सन्दर्भ

तुर्माखाँद गाउँपालिकाको कूल क्षेत्रफल २३२.०७ वर्ग कि.मि. अर्थात २३२०७ हेक्टर मध्ये ७५.४ प्रतिशत भूभाग बनजंगल, खोलानाला, २४.६ प्रतिशत भू-भागमा खेतिपाती गर्न सकिने र १३ प्रतिशतले हुन आउने ३०३३ हेक्टर क्षेत्रफलमा मात्र गरिएको पाइन्छ। खेतिपातीको विवरण निम्नानुसारको तालिकामा उल्लेख गरिएको छः

क) कृषियोग्य जमीन

| उपलब्ध जमिन | हेक्टर |
|---|---|
| माथिल्लो सतह (पाखो) | २४२६.४ |
| सिँचाइ नभएको क्षेत्र वर्षामा निर्भर हुने क्षेत्र (निपाने) | १८१.९८ |
| बर्षभरी सिंचाई हुने क्षेत्र (पानी पोखरी,कुलो,) | ४२४.६२ |
| जम्मा खेती गरिएको जमिन | ३०३३ |

स्रोतः तुर्माखाँद गाउँपालिका भू-उपयोग प्रोफाईल २०७५/०७६

डम्बर बहादुर वि.सी
अध्यक्ष

ख) सिंचाईका प्रमुख स्रोतको तालिका

| स्रोतका प्रकारहरु | प्रमुख पानीको स्रोत/ योजना वडागत | | | | | | | | जम्मा स्रोत संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| खोला/नदी | ४ | ६ | ११ | ४ | ४ | ४ | ४ | २ | ३९ |
| मुल | ९४ | ६५ | ४० | १२० | ६२ | ४६ | ४ | ४० | ४७१ |
| जम्मा | ९९ | ७३ | ५४ | १२८ | ७१ | ५६ | १५ | ५० | ५१० |

स्रोतः तुर्माखाँद गाउँपालिका जलउपयोग गुरुयोजना तयारी सर्वेक्षण-२०७९

ग) प्रमुख खेती र उपयोगः

| प्रमुख बालिको नाम | स्थान | क्षेत्र (हेक्टरमा) |
|---|---|---|
| धान | १ देखि ८ सबै वडा | ६०६.६ |
| अन्य (मकै,गहुँ,कोदो,मसला,फलफूल आदि) । | १ देखि ८ सबै वडा | २४२६.४ |
| जम्मा | १ देखि ८ सबै वडा | ३०३३ |

घ) पशुपालनः

| प्रमुख पशुपालनको विवरण | स्थान | परिमाण |
|---|---|---|
| भैंसी पालन | १ देखी ८ वडा | ४८७६ |
| बाखापालन | १ देखी ८ वडा | ३१३६५ |
| कुखुरापालन (स्थानीय तथा ब्रोईलर) | १ देखी ८ वडा | १४७८१० |
| बङ्गुर पालन | | ३८० |
| अन्य | | |

स्रोतः कृषि तथा पशुपंक्षी तथ्याङ्क अध्यावधिक-२०८०

डम्बर बहादुर वि.सी
अध्यक्ष

ङ) उधोगहरूः

| प्रमुख उधोगहररुको विवरण | स्थान | परिमाण | कैफियत |
|---|---|---|---|
| आरन उधोग | वडा नं.१मा ३, वडा नं. २ मा १, वडा नं.३ मा ५, वडा नं. ५ मा ३, वडा नं. ६ मा ४, वडा नं. ७ मा ५.र वडा नं. ८ मा ४ | | दर्ता नभएका |
| पानी घट्ट | १ देखि ८ वडा | २० वटा | दर्ता नभएका |
| फर्निचर उधोग | वडा नं १मा १,वडा नं ३ मा ५, वडा नं ४ मा ४ र वडा नं. ५मा १ | ११ वटा | |
| अन्य घरेलु उधोग | वडा नं ७ मा स्थानीय अल्लो प्रशोधन तथा कपडा बुनाई उद्योग १ | १ | |

स्रोतः तुर्माखाँद गाउँपालिका जलउपयोग गुरुयोजना तयारी सर्वेक्षण-२०७९

च) प्राकृतिक स्रोत तथा सम्पदाः (बन जङ्गल, जडिबुटी.......)

| प्राकृतिक स्रोतहरु | स्थान | कैफियत |
|---|---|---|
| वनजङ्गल | १-८ वटै वडा | |
| जडिबुटी | १-८ वटै वडा | |
| देवता मन्दिर | ❖ तुमाखाँद गा.पा. वडा नं.३, ४ ,६ र ७ मा बण्डाली देवता मन्दिर<br>❖ तुर्माखाँदगा.पा.वडा नं. १,३,४ र ६ मा मष्टा देवता, कालसैनी देवता, भैरव देवता मन्दिर | |
| मठ मन्दिर | ❖ तितौडा श्री त्रिपुरेश्वरी वडा नं ७<br>❖ बागेश्वरी वडा नं ५,<br>❖ त्रिवेणी शिब मन्दिर वडा नं ३, लोडे<br>❖ कालिकादेवी मन्दिर सबै वडामा | |

डम्बर बहादुर वि.सी
अध्यक्ष

छ) पर्यटनः

| पर्यटन क्षेत्रको विवरण | स्थान | कैफियत |
|---|---|---|
| बागेश्वरी | तुर्माखाँद-५,नाडा | |
| ठुलावन गुफा र कालसैनी डाँडा | तुर्माखाँद-४, जैसुर/तुर्माखाँद | |
| आमिकोट गुफा, त्रिवेणीधाम र कुकुर दुलो गुफा | तुर्माखाँद-३,भैरवस्थान | |
| तितौडा ,शिव गुफा, नौ खम्म | तुर्माखाँद-७,तोषी | |
| देवल, कटुन गुफा | तुर्माखाँद-८,धमाली | |
| कुकुर दुलो गुफा, गाइपाइला | तुर्माखाद-६,रानिवन | |
| र्‍याफ्टिङ्ग कर्णाली | तुर्माखाँद वडा नं.६ को तुल्ता देखि वडा नं. ५ को कोल्लीमोरा/मालुमेलासम्म | |

## १.२.४ राजनीतिक तथा प्रशासनिक विभाजन र समानुपातिक विकासः

| वडा | जम्मा जनसंख्या | जम्मा घरपरिवार संख्या | उपलब्ध प्रमुख सेवाहरू | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्वस्थ्य | शिक्षा | | कृषि | पशु सेवा | प्रहरी चौकी |
| | | | | विद्यालय | समुदायमा आधारितल बा.बि.के | | | |
| १ | ३५८८ | ७७५ | १ | ७ | १ | ० | १ | १ |
| २ | १३६४ | २५९ | १ | ३ | १ | ० | ० | ० |
| ३ | ४७३९ | ९९५ | १ | ११ | २ | ० | १ | १ हाल कुनिगडा |
| ४ | ४३१७ | ९९८ | १ | ८ | २ | १ | १ | १ |
| ५ | २५९९ | ५२६ | १ | ६ | १ | ० | ० | ० |
| ६ | २६६४ | ५६५ | १ | ५ | २ | ० | ० | ० |
| ७ | २०५९ | ४१८ | १ | ५ | ३ | ० | ० | ० |
| ८ | ३२४४ | ७१३ | १ | ७ | १ | ० | १ | ० |
| जम्मा | २४५७४ | ५२४९ | ८ | ५२ | १३ | १ | ४ | ३ |

स्रोतः राष्ट्रिय जनगणना २०७८ र शिक्षा शाखा तुर्माखाँद



डम्बर बहादुर वि.सी
अध्यक्ष

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार तुर्माखाँद गाउँपालिकाको कुल जनसंख्या २४५७४ रहेको छ । जसमा महिला जनसंख्या १२९१५ अर्थात कुल जनसंख्याको ५२.६प्रतिशत र पुरुष जनसंख्या ११६५९ अर्थात कुल जनसंख्याको ४७.४ प्रतिशत रहेको छ । जसमा वडा नं १ को कुल जनसंख्या ३५८८ मा महिला १९०० अर्थात कुल जनसंख्याको ५३ प्रतिशत र पुरुष १६८८ अर्थात कुल जनसंख्याको ४७ प्रतिशत, वडा नं २ को १३६४ मध्ये महिला ६६४ अर्थात ४८.७ प्रतिशत, पुरुष ७०० अर्थात ५१.३ प्रतिशत, वडा नं ३ को ४७३९ मध्ये महिला २४५३ अर्थात ५१.८ प्रतिशत, पुरुष २२८६ अर्थात ४८.२ प्रतिशत, वडा नं ४ को ४३१७ मध्ये महिला २२६२ अर्थात ५२.४ प्रतिशत, पुरुष २०५५ अर्थात ४७.६ प्रतिशत , वडा नं ५ को २५९९ मध्ये महिला १३२१ अर्थात ५०.८ प्रतिशत, पुरुष १२७८ अर्थात ४९.२ प्रतिशत , वडा नं ६ को २६६४ मध्ये महिला १४१८ अर्थात ५३.२ प्रतिशत, पुरुष १२४६ अर्थात ४६.८ प्रतिशत , वडा नं ७ को २०५९ मध्ये महिला १०७६ अर्थात ५२.३ प्रतिशत, पुरुष ९८३ अर्थात ४७.७ प्रतिशत , वडा नं ८ को ३२४४ मध्ये महिला १८२१ अर्थात ५६.१ प्रतिशत, पुरुष १४२३ अर्थात ४३.९ प्रतिशत रहेको छ त्यसैगरी यस गाउँपालिकामा जम्मा **५२४९** घरपरिवार संख्या रहेको छ। जसमा आफ्नै घर भएका घरपरिवार संख्या ५१५० रहेको छ भने ७२ घरपरिवार संख्या भाडामा, ८ घरपरिवार संस्थागत र अन्य १० घरपरिवार र ९ वटा घरपरिवारको वासस्थानको टुङ्गो नरहेको तथ्याङ्क पाईन्छ ।

यस तुर्माखाँद गाउँपालिकामा सेवा प्रदायक संस्थाहरु मध्ये स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा र सुरक्षा निकाय तर्फ प्रहरी चौकीहरुले गाउँपालिकामा तोकिएका क्षेत्रभित्र रही आ-आफ्नो सेवा प्रवाह गरिरहेका छन् ।

## १.२.५ भौगोलिक तथा प्राकृतिक स्वरूप (Structure Of Geographical & Natural )

### क) भौगोलिक बनावट

तुर्माखाँद गाउँपालिकाको धेरैजसो भू-भाग पहाडै पहाडले बनेको छ। पालिकाको भू-भाग वडा नं. १ र २ साँघुरिएर आई र वडा नं. ३ को असाराबाट फैलावट शुरु भएर त्रिवेणीघाट हुँदै वडा नं ६ को नाउलीपातल, वडा नं. ८ को परान शाहीको कुवा बयलचाखा, ठाँटीखाँद, टिकाथला, पुनेपाटा सहित वडा नं. ७ को तितौडाको लेक, बगलदेव, शान्तिबजार हुँदै वडा न. ५ को थोलुको लेक, बागेश्वरी मन्दिर क्षेत्र, जम्पानी हुँदै केवडीबाट पूर्व घुमेर कोल्ली सहित वडा नं. ४ को ड्वाङड्वाङ्गे, जंगलघाट भएर फेरी वडा नं. ३ को राहबल्देबाट साँघुरिएर वडा नं. २ को ताँदी हुँदै वडा नं. १ कै रहफमा गएर मिल्दछ। यसरी रहफ भुलूबाट साँघुरिएर भैरबस्थानको असाराबाट फैलिन शुरु भएको यसको भू-भाग रानिवन, धमाली, तोषी, नाडाको केवडीसम्म बढी फैलिएको तुर्माखाँदको जंगलघाटबाट फेरि साघुरिन शुरु भई भैरबस्थानको बल्दे, भुलुको ताँदी हुँदै रहफसम्म पुगेको छ।



इश्वर बहादुर बि.सी
अध्यक्ष

भौगोलिक खुम्च्याईं र फैलावटको बनावटलाई हेर्दा तुर्माखाँद गाउँपालिकाको नक्सा खसीको पछाडिको काटेर राखेको खुट्टा (फिला) आकारको देखिन्छ। यस तुर्माखाँद गाउँपालिकामा पहाडको भिरालो ठाउँमा मानव बस्तीहरु रहेका छन् । नदीको छेउमा केही फाँटहरु रहेका छन्। यस गाउँपालिकामा चिसी/लोडे, कोल्लीमोरा र घट्टे/फुलाम खोलाको पानीले छेउछाउमा रहेको लगभग बर्षैभरी सिँचाई हुने तल्लो सतहको जमिन (खेतहरु) रहेका छन्। यस गाउँपालिकामा अवल, लेक र पहाडी भू-भाग रहेको छ।

ख) नदीनालाः

यस तुर्माखाँद गाउँपालिका क्षेत्रमा रहेको वडा नं ६ तुल्ता देखि वडा नं ३,२,१ रहफ हुँदै वडा नं ४ को जंगलघाट हुदै वडा नं ५ नाडाको कोल्लीमोरासम्म कर्णाली नदीले घेरेको छ । यस तुर्माखाँद गाउँपालिकालाई कर्णाली नदीले घेरेकोले यस पालिकालाई श्रीलङ्का वा टापू जस्तै भन्नलायक छ । साथै यस पालिकाभित्र घेट्टे गाड, डोब्रीखोला, नत्थखोला,लोडेगाड, चिसी खोला, खाटा खोला, काप्डा खोला, स्यालेकरा/फुलाम खोला, असारा खोला, हलौडे खोला लगायत अन्य खोला नालाहरु रहेका छन्।

ग) हावापानीः

तुर्माखाँद गाउँपालिका अछाम जिल्लामा अवस्थित छ। यस पालिकाको हावापानी मुख्यतया **समशितोष्ण र शितोष्ण** प्रकारको छ। यसको भौगोलिक अवस्थिति र उचाइले यहाँको मौसमलाई विविध बनाएको छ। यस तुर्माखाँद गाउँपालिकाको **तल्लो भेग (वेसि वा अवल)** तिर समशितोष्ण हावापानी पाइन्छ, जहाँ जाडोमा मध्यम चिसो र गर्मीमा न्यूनतम तापक्रम हुने गर्दछ। गाउँपालिकाको **माथिल्लो भेग तितउडा,थोलुबुदे,बांसकांडा र पुनेपाटा क्षेत्र तिर** शितोष्ण हावापानी भएको पाईन्छ । जहाँ जाडोयाममा अलि बणी चिसो हुन्छ र कहिले काहीं हिउँ पर्ने गर्दछ। तुर्माखाँद गाउँपालिकामा **भौगोलिक विविधताका आधारमा हावापानीको बिविधता** देखिन्छ, जसले गर्दा यो क्षेत्र विभिन्न प्रकारको जैविक विविधता र कृषि उत्पादनका लागि उपयुक्त छ।

### १.२.६. प्राकृतिक विपद् र तिनको सम्भावनाः

यस तुर्माखाँद गाउँपालिका भौगलिक रुपमा भिरालो, खोलानालाहरु धेरै भएको यस पालिकाको वरिपरि कर्णाली नदीले घेरेको र भौगोलिक बनावटको रुपले कङ्कटयुक्त माटो भएकोले भूक्ष्य, बाढी, पहिरो, आगलागी जस्ता विपद्हरुको सम्भावना रहेको छ ।

### १.२.७ प्राकृतिक स्रोत एवं बिशेषताः

प्राकृतिक स्रोतको हिसाबले यस तुर्माखाँद गाउँपालिका क्षेत्रभित्र सामुदायिक वन , कवुलियत वन , नदिनाला ,विभिन्न जडिबुटी, लगायत अन्य क्षेत्रहरु रहेका छन । यी क्षेत्रहरुलाई संरक्षण र सम्वर्द्धन गर्न सकेमा रोजगारको अवसर सृजना हुने , वातावरण संरक्षण हुने , पानीका मुहानहरु संरक्षण हुने, पर्यटन क्षेत्रको विकास तथा सौन्दर्य बढ्ने देखिन्छ ।



डम्बर बहादुर वि.सी
अध्यक्ष

## १.२.८ पूर्वाधार र विकासः

### क) स्वास्थ्य सेवाः

यस तुर्माखाँद गाँउपालिकामा राज्यको नीति अनुरुप एक वडा एक स्वास्थ्य संस्थाको अवधारणा अनुरुप १देखि ८ वटै वडाहरुमा स्वास्थ्य संस्था सञ्चालनमा रहेका छन् । वडाभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुले यी स्वास्थ्य संस्थाबाट सेवा लिइरहेका छन् ।

### ख) खानेपानीः

तुर्माखाँद गाँउपालिका भित्र रहेका घरपरिवारलाई शुद्ध पिउने पानी उपलब्ध गराउन नेपाल सरकारको "एक घर एक धारा"को नीति अनुरुप जिल्ला खानेपानी, सरसफाई तथा सव-डिभिजन कार्यालय, तुर्माखाँद गाँउपालिका र ग्रामिण जलस्रोत परियोजना/कार्णाली जलपरियोनाको लागत साझेदारीमा आयोजनाहरु सञ्चालनको अवस्थामा छन् ।

### ग) विधुतः

अछामको तुर्माखाद गाउँपालिका वडा नं. १ र २ मा विद्युत पहुँच पुगेको छ । दैलेख वितरण केन्द्रबाट विद्युत लगेर तुर्माखादका सबै वडामा विद्युतको पहुंच पुऱ्याउने उद्देश्यले वडाका केन्द्रहरुमा विद्युत पुऱ्याई सकेको र दूरदराजका बस्तीहरुमा निकट भविष्यमा यस तुर्माखाँद गाउँपालिकाका सबै घरधूरीहरुमा विद्युतको पहुँच पुऱ्याउन उक्त कार्य संचालनमा रहेको छ ।

### घ) यातायात मार्गः

तुर्माखाँद गाँउपालिकाका वडा नम्बर १ देखि ८ सम्मका सबै वडाका बस्तीहरुमा बसोवास गरिरहेका नागरिकहरुलाई यातायातमा पहुँच पुर्याउनका लागि ग्रामिण सडक बिस्तार गरिएको छ।

### ङ) बैंकिङ सेवाः

यस तुर्माखाँद गाँउपालिकामा आर्थिक कारोबार सञ्चालनका लागि नागरिकहरुलाई सेवा प्रवाह गर्न पालिका स्तरमा नबिल बैंक सञ्चालनको अवस्थामा रहेको छ ।

## १.२.९ पर्यटकीय एवं ऐतिहासिक विशेषताः

यस तुर्माखाँद गाउँपालिका क्षेत्र भित्र तितौडा, पुराना पानी, बासँकाडा, तुर्माखाँद, लोडेबगर, कोल्लीमोरा, तुल्ता, नौखम्म, एक्ले खम्म, जुम्ली पडो, त्रिदेवल, बागेश्वरी माइ मन्दिर, बगलदेव गुफा र जंगलघाट आदि यस क्षेत्रका प्रमुख पर्यटकीय स्थलहरु हुन् ।

### १.२.१० सामाजिक तथा सांस्कृतिक विशेषताः

तुर्माखाँद गाउँपालिकाभित्र ब्राहमण क्षेत्री, ठकुरी, दलित र जनजातिको बसोबास रहेको पाइन्छ । बाहुल्यताको हिसाबले ब्राहमण, क्षेत्री, ठकुरी र दलितहरु उस्तै उस्तै देखिन्छन् तर जनजातिहरु भने अल्पसंख्यकको रुपमा रहेका छन् ।यस तुर्माखाँद गाउँपालिका क्षेत्रभित्र समान सांस्कृतिक अवस्था रहेको देखिन्छ ।

**क) चाडपर्व/जात्रा र अन्य संस्कृतिहरूः**

यस गाउँपालिकाभित्र निम्न चाडपर्व तथा मेला पर्वहरु रहेको पाइन्छ । जस्तै; विश्वसंक्रान्ति, जेठ पर्व, दसहरा पर्व, साउने संक्रान्ति, साउने पूर्णिमा, जनै पूर्णिमा, कृष्ण जन्माष्टमी, घाँसे संक्रान्ति, नाग पञ्चमी, बडादशैं, कोजाग्रत पूर्णिमा/तितौडा मेला, तिहार, भुवा औंसी, पुष पन्ध्र, माघे संक्रान्ति, श्री पञ्चमी, शिवरात्री, चैते दशैं आदि ।

**ख) प्रमुख जातजाति, जनजाति र पिछडा वर्गः**

प्रमुख जातजातिहरूको विवरण तालिकाः

| जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|
| ब्राहमण | २७७९ | ११.३ |
| क्षेत्री | १३८३८ | ५६.३१ |
| दलित | ७४५७ | ३०.३४ |
| जनजाति | ४१७ | १.७२ |
| अन्य | ८३ | ०.३३ |
| जम्मा | २४५७४ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८



डम्बर बहादुर वि.सी
अध्यक्ष

(ग) भाषागत जनसंख्याको विवरण तालिकाः

| भाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|
| अछामी | २३५७८ | ९५.९६ |
| मगर ढुट/खाम | १५२ | ०.९१ |
| दैलेखी | ७२१ | २.९३ |
| अन्य | ५० | ०.२ |
| जम्मा | २४५७४ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

(घ) धर्म अनुसारको जनसंख्या विवरण तालिकाः

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | २४४९८ | ९९.७२ |
| बौद्ध | ६६ | ०.२६ |
| क्रिश्चियन | ५ | ०.०२ |
| जम्मा | २४५७४ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

डम्बर बहादुर वि.सी
अध्यक्ष

१.३ जनसाङख्यिक विवरणः

१.३.१ जनसाङ्ख्यिक स्वरूप र प्रवृत्तिः (जन्म दर, बसाई सराई, सुकुम्बासी, शरणार्थी, घुमन्ते/फिरन्ते)

| क स | स्वरूप र प्रवृत्ति | दर / संख्या |
|---|---|---|
| १ | जन्म दर | १.१३ |
| २ | बसाई सराई | ०.५९ |
| ३ | सुकुम्बासी | ० |
| ४ | शरणार्थी | ० |
| ५ | मृत्यु दर | २.९ |
| ६ | घुमन्ते/फिरन्ते | ० |
| ७ | अन्य | ० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

१.३.२ अपाङ्गता सम्बन्धि विवरण तालिकाः

| विवरण | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| अपाङ्गता | ४५८ | १.८६ |
| जम्मा | ४५८ | १.८६ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

१.३.३ लक्षित जनजातिको जनसङ्ख्या विवरणः

| क्र.सं. | जातजाति | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|
| १ | माझी | २५४ | १ |
| २ | मगर | १६३ | ०.७ |
| | जम्मा | ४१७ | १.७२ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

डम्बर बहादुर बि.सी
अध्यक्ष

### १.३.४ जनसंख्याको प्रक्षेपण

२०८१ देखि २०९० सम्मको प्रक्षेपित उमेर समूहको जनसंख्या विवरणः

| उमेर समूह | २०७८ को जनसंख्या | प्रक्षेपित जनसंख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०८८ | २०८९ | २०९० |
| ०-३ | ११२५ | ११६४ | ११७७ | ११९० | १२०३ | १२१७ | १२३१ | १२४५ | १२५९ | १२७३ | १२८७ |
| ४-५ | २८७२ | २९७० | ३००४ | ३०३८ | ३०७२ | ३१०७ | ३१४२ | ३१४२ | ३२१४ | ३२५० | ३२८७ |
| ६-९ | २९७१ | ३०७३ | ३१०८ | ३१४३ | ३१७८ | ३२१४ | ३२५० | ३२८७ | ३३२४ | ३३६२ | ३४०० |
| १०-१४ | २१६७ | २२४१ | २२६७ | २२९२ | २३१८ | २३४४ | २३७१ | २३९८ | २४२५ | २४५२ | २४८० |
| १५+ | २८८४ | २९८३ | ३०१७ | ३०५१ | ३०८५ | ३१२० | ३१५५ | ३१९१ | ३२२७ | ३२६३ | ३३०० |
| जम्मा | २४५७४ | २५४१७ | २५७०४ | २५९९४ | २६२८८ | २६५८५ | २६८८५ | २७१८९ | २७४९६ | २७८०७ | २८१२१ |

स्रोतः राष्ट्रिय जनगणना २०७८ को जनसंख्यामा आधारित

डम्बर बहादुर वि.सी
अध्यक्ष

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार तुर्माखाँद गाउँपालिकाको जनसंख्या वृद्धिदर १.१३ प्रतिशत रहेको छ। सोही जनगणनाको तथ्याङ्कमा उल्लखित ० देखि १५ बर्ष उमेर समूह र गाउँपालिकाको कूल जनसंख्या तोकिएको वृद्धिदर अनुसार माथिको तालिकामा प्रस्तुत गरिएको छ।

जसमा ० देखि ३ बर्ष उमेर समूहको जनसंख्या ११२५ बाट बढेर बिक्रम संवत २०९० सम्म १२८७ पुग्ने त्यसैगरी ० देखि ३ बर्ष उमेर समूहको जनसंख्या ११२५ बाट बढेर बिक्रम संवत २०९० सम्म १२८७, ४ देखि ५ बर्ष उमेर समूहको जनसंख्या २८७२ बाट ३२८७, ६ देखि ९ बर्ष उमेर समूहको जनसंख्या २९७१ बाट ३४००, १० देखि १४ बर्ष उमेर समूहको जनसंख्या २१६७ बाट २४८०, १५ बर्ष भन्दा माथि उमेर समूहको जनसंख्या २८८४ बाट ३३०० र तुर्माखाँद गाउँपालिकाको जनसंख्या २४५७४ बाट बढेर २८१२१ पुग्नसक्ने अनुमान गरिएको छ। बढदो सहरोन्मुख बसाइ सराइँको कारण उपर्युक्त प्रक्षेपित जनसंख्यामा घटबढ पनि हुनसक्छ।

## १.४ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्त एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । नेपालको शिक्षा प्रणालीमा परम्परादेखि नै विद्यमान् यी उपरोक्त विविध पक्षले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पार्दै समय सापेक्ष रुपमा राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाइन्छ । वि.सं.२०६२/०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक अवस्था लगायत नेपालमा बसोबास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क आधारभूत शिक्षा, सबै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा बढ्दो वेरोजगारी समस्यालाई मुलुकभित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सबै भाषा, लिपी, संस्कृति धर्म आदिको संरक्षण, सम्बर्द्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान– प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमुख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक, समावेशी, सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली भन्ने बुझिन्छ ।

### १.४.१ नीतिगत प्रबन्धः

नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पूरा गर्न योगदान पुऱ्याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौं आवधिक योजनाका लक्ष्यहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष्य प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ ।

### १.४.२ शिक्षाको संरचनाः

**Organogram…… Educational Structure in Nepal**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 17+ | | | | | | |
| 15 - 16 | | | | | | |
| 13 - 14 | | | | | | |
| 10 – 12 | | | | | | |
| 5–9 | | | | | | |
| 3 - 4 | | | | | | |
| Age in years | | | | | | |

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भ अन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्ष्यहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

तुर्माखाँद गाउँपालिकामा पनि नेपालको शिक्षा प्रणालीमा आधारित रहेर शिक्षको संरचना रहेको छ। तर यहाका विद्यालयहरुमा नेपालको विद्यमान शिक्ष ऐन तथा नियमावलीले तोकेको विद्यालय उमेर समूह भन्दा बढी उमेरका बालबालिकाहरु पनि अध्ययन रहेको पाइन्छ। किनकी यो क्षेत्र विकास, आर्थिक, सामाजिक, साँस्कृतिक हिसाबले अलि पछि परेको र अलि रुढिबादी परम्परा पनि कायम रहेको क्षेत्र र गरीबी तथा पछौटेपन पनि यो क्षेत्रको अल्प विकासको एउटा मूख्य जड रहेता पनि पछिल्लो चरणमा यस्ता परम्पराहरु बिस्तारै न्यूनिकरणको अवश्थामा छन्। तर यसको पूर्ण न्यूनिकरण हुन अझै कही लाग्ने देखिन्छ। स्थानीय सरकार, सचेत समुदायको साझेदारी सहयोग यसलाई थप सुधार गर्नुपर्ने दखिन्छ।

## १.५ गाउँपालिकाको शैक्षिक सन्दर्भ

### १.५.१ बिद्यालय सङ्ख्या विवरण:

| बिद्यालय को प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा इकाई | CLC | अन्य | इकाईगत सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ECD | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ | | | | १-५ | ६-८ | ९-१० | ११-१२ |
| सबै प्रकारका बिद्यालय मा कक्षागत र तहगत सङ्ख्या | १३ | ५४ | ५४ | ५४ | ३८ | ३७ | २ | ० | ४ | ० | ७ | ० | ५ | ५२ | ६ | ४ | ७ | ५ | ५ | १६ | ४ | ० | ५४ | ६ | ७ | ५ |
| सामुदायिक बिद्यालय मा कक्षागत र तहगत सङ्ख्या | १३ | ५२ | ५२ | ५२ | ३६ | ३६ | २ | ० | ४ | ० | ७ | ० | ५ | ५२ | ६ | ४ | ७ | ५ | ५ | १६ | ४ | ० | ५२ | ६ | ७ | ५ |



डम्बर बहादुर वि.सी
अध्यक्ष

| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | १३ | २७ | २७ | २७ | १३ | १३ | ० | ० | ४ | ४ | ० | २ | ० | ० | ० | ० | ० | ० | ८ | ० | ० | २७ | ६ | ७ | ५ |
| सरकारी स्वीकृत दरबन्दी भएका बिद्यालय | ० | २५ | २५ | २५ | २३ | २३ | २ | ४ | ४ | ३ | ३ | ० | ० | ० | ० | ० | ० | ० | १० | | | २५ | ३ | ३ | ० |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| घुम्ती बिद्यालयहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| समाहित शिक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

डम्बर बहादुर बि.सी
अध्यक्ष

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सहितका बिद्यालय हरुको सङ्ख्या | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| आवासिय सुबिधा सहितका बिद्यालय हरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नमूना बिद्यालय कार्यक्रम सहितका बिद्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

तुर्माखाँद गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तुर्माखाँद, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

डम्बर बहादुर वि.सी
अध्यक्ष

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हरु | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका बिद्यालय हरु (सबै प्रकारका ) | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालय हरु | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| खुल्ला | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |



डम्बर बहादुर वि.सी
अध्यक्ष

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बिद्यालय सङ्ख्या | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सामुदायिक सिकाई केन्द्रहरु को सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० |
| अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

स्रोतः शैक्षिक तथ्याङ्क शिक्षा युवा तथा खेलकुद शाखा, तुर्माखाँद गाउँपालिका अछाम



डम्बर बहादुर वि.सी
अध्यक्ष

प्रस्तुत तालिका तुर्माखाँद गाउँपालिका भित्र कक्षा १-१२ सम्म सञ्चालित सबै प्रकारका विद्यालयहरुको हो सबै प्रकारका भन्नाले बालबिकास केन्द्र, सामुदायिक तथा निजि विद्यालयहरुलाई जनाउँदछ। यस पालिका भित्र जम्मा ६२ वटा बालबिकास केन्द्र मध्ये ४९ वटा बालबिकास केन्द्र विद्यालयमा आधारित र १३ वटा समुदायमा आधारित रहेका छन्। त्यस्तै ५४ विद्यालयहरुमा ५२ सामुदायिक र २ वटा निजि बोर्डीङ स्कूल रहेका छन्। जसमा सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि १२ सम्म र निजि बोर्डीङ स्कूलमा कक्षा १-५ सम्म अध्यायन अध्यापन गराइन्छ। सामुदायिक विद्यालयहरु मध्ये कक्षा १-३ सबै, कक्षा १-५ छत्तिस वटा, कक्षा १-६ दुइ वटा, कक्षा १-८ चार वटा, कक्षा १-१० बाह्र वटा र कक्षा १-१२ पाँच वटा विद्यालयहरुमा पठन पाठन गराइन्छ। त्यसै गरी यस गाउँपालिकामा सञ्चालित २ वटा निजि बोर्डीङ्ग स्कूल मध्ये तितौडा इङ्गलिस मिडियम बोर्डीङ्ग स्कूल कक्षा १-४ र मोर्डन पब्लिक बोर्डीङ्ग स्कूल कक्षा १-५ सम्म सञ्चचालनमा रहेको पाइन्छ। यस गाउँपालिकाका सामुदायिक विधलयकहरुमध्ये २५ वटा विद्यालयकरुमा कुनै न कुनै तहको स्विकृत सरकारी दरबन्दि रहेको छ भने २७ वटा विद्यालयहरुमा स्विकृत सरकारी दरबन्दि विहिन रहेका छन्। तर यस्ता विद्यालयहरु मध्ये केही संघिय राहत अनुदान दरबन्दि, केही गाउँपालिका अनुदान दरबन्दि र केही संघिय राहत अनुदान र गाउँपालिका अनुदान दरबन्दि समेत रहेर सञ्चालनमा रहेको पाइन्छ। त्यसै गरी पालिका भित्र सञ्चालनमा रहेका समुदायमा आधारित बालबिकास केन्द्रहरु केहीमा संघिय तथा गाउँपालिका अनुदान रहेको छ भने केहीमा विशुद्ध गाउँपालिका अनुदानमा रहेर सञ्चालनमा रहेको पाइन्छ।

### १.५.२ उच्च शिक्षा र विकासः (प्राविधिक र व्यवसायिक शिक्षा समेत)

यस तुर्माखाँद गाउँपालिका अन्तर्गत उच्च शिक्षा नरहेको र प्राविधिक तर्फ श्री कालिकेश्वरी मा वि तुर्माखाँद ४ मा सिभिल ईन्जिनियरिङ र श्री बसुन्धरा मा. वि. भैरबस्थान, थाल्पाटामा भेटेनरी जे. टि. ए. कार्यक्रम संचालन भइरहेको देखिन्छ ।

### १.५.३ विभिन्न तालिम, पुस्तकालय, अनौपचारिक शिक्षा र अन्य संस्था र तिनको उपलब्धि प्रभावः

यस तुर्माखाँद गाउँपालिका क्षेत्र अन्तर्गत तालिम क्षेत्र , सार्वजनिक पुस्तकालय , अनौपचारिक शिक्षा जस्ता संस्थाहरु नरहेको र शिक्षा क्षेत्रसँग सहकार्य गर्ने इको हिमाल नेपाल , सामुदायिक विकास केन्द्र (CDC) डोटी र यू एस ए आईडी संस्थाहरुले सहकार्य गर्दै आइरहेको देखिन्छ ।

### १.५.४ विद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ति

यस गाउँपालिकामा चालु शैक्षिक सत्र २०८१ अनुसार ECD (पूर्वबालबिकास) मा छात्र ६१० र छात्रा ६१० जम्मा १२२० , आधारभुत तह (१-८) मा छात्र २५६८र छात्रा २५६१ जम्मा ५०२९ र माध्यामिक तह (९-१२) मा छात्र ११८६ र छात्रा १२१७ जम्मा २४०३ गरी कुल छात्र ४१८८ र छात्रा ४३२० जम्मा ८५०८ रहेका छन । जसमा तुर्माखाँद गाउँपालिकामा सञ्चालित दुई वटा निजि बोर्डीङ स्कूलका ECD का १० छात्र र ५ छात्रा र कक्षा १-५ का १११ र ५४ छात्रा गरि जम्मा १६५ जना विद्यार्थीहरु समेत समावेश गरिएका छन्। उसरी यस गाउँपालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयका जम्मा विद्यार्थी सख्या ८३४३ रहेको पाइन्छ। उक्त संख्यामा भर्ना भएका विद्यार्थीहरु विद्यमान शिक्षा ऐन तथा नियमावलीले तोकेको तहगत तथा कक्षागत उमेर समूह भन्दा बढी उमेर समूहका पनि रहेका छन्। यस्तो क्रम ECD समेत रहेको पाइन्छ। तुर्माखाँद गाउँपालिकामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेको ऐन , नियमावली र समय सिमाभित्र रही शैक्षिक, सूचना तथा व्यवस्थापन प्रणाली (EMIS) को माध्यमद्वारा विद्यायलहरुमा विद्यार्थी भर्ना गर्ने गरिएको देखिन्छ ।

#### क) तहगत दलित, जनजाति, विशेष जातजाति विद्यार्थी सङ्ख्या विवरण:

शैक्षिक सत्र २०८१ को शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) को तथ्याङ्क अनुसार यस गाउँपालिकाका विद्यालयहरुमा अध्ययनरत जम्मा विद्यार्थी संख्या ८,५०८ जना मध्ये दलित विद्यार्थीहरुको संख्या २,८१३ र जनजाति विद्यार्थीहरुको संख्या १४८ रहेको छ।



डम्बर बहादुर वि.क.
अध्यक्ष

ख) विद्यालयका प्रकार अनुसार कक्षागत र तहगत जम्मा विद्यार्थी विवरणः

| तह | पूर्ण स्वीकृत विद्यालयको विद्यार्थी संख्या | अनुमति प्राप्त विद्यालयको विद्यार्थी संख्या | बा.वि.के | बोर्डीङ्ग स्कूल | जम्मा | बोर्डीङ्गको संख्या घटाएर |
|---|---|---|---|---|---|---|
| ECD | ४५१ | ३५७ | २५३+१४४ | १५ | १२२० | १२०५ |
| १-३ | १०१० | ७०८ | ० | ७७ | १७९५ | १७१८ |
| ४-५ | ८६० | ४०१ | ० | ३९+३४ | १३३४ | १२६१ |
| जम्मा कक्षा १-५ | १८७० | ११०९ | ० | १५० | ३१२९ | २९७९ |
| ६-८ | १४८४ | २७३+३२ | ० | ० | १७८९ | १७८९ |
| जम्मा कक्षा १-८ | ३३५४ | १४१४ | ० | ० | ४७६८ | ४७६८ |
| ९-१० | ९८८ | ० | ० | ० | ९८८ | ९८८ |
| जम्मा कक्षा १-१० | ४३४२ | ० | ० | ० | ४३४२ | ४३४२ |
| ११-१२ | ८६७+५१५ | ० | ० | ० | १३८२ | १३८२ |
| जम्मा कक्षा ९-१२ | १८५५ | ० | ० | ० | १८५५ | १८५५ |
| जम्मा कक्षा १-१२ | ५७२४ | ० | ० | ० | ५७२४ | ५७२४ |
| जम्मा | ६१७५ | १७७१ | ३९७ | १६५ | ८५०८ | ८३४३ |

स्रोतः शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS)-२०८१

माथिको तालिकामा तुर्माखाँद गाउँपालिका भित्र सञ्चालित स्विकृती प्राप्त, अनुमति प्राप्त विद्यालय, बाल बिकास केन्द्र र निजि इङ्गलिस बोर्डीङ्ग स्कूलमा अध्ययनरत विद्यार्थीहरुको विवरण समेत उल्लेख गरिएको छ। स्विकृति प्राप्त विद्यालय भन्नाले सञ्चालित विद्यालयमा जुनसुकै तहको भएपनि कम्तिमा १ सरकारी दरबन्दि रहेको विद्यालय र अनुमति प्राप्त विद्यालय भन्नाले कुनै पनि स्विकृत सरकारी दरबन्दि नभई संघिय राहत अनुदान दरबन्दि वा गाउँपालिका अनुदान दरबन्दी रहेको विद्यालय भन्ने सम्झनु पर्दछ।

प्रस्तुत तालिकामा रेखाङ्कित संख्या ठाडो र तेस्रो जोडने प्रयोजनको लागि नभइ शिक्षक विद्यार्थी अनुपात पत्ता लगाउन अनिवार्य हुने भएकाले समावेश गरिएको हो भने ठाडो तेस्रोको जम्मा योगफलको लागि रेखाङ्कित नगरिएको संख्याको प्रयोग भएको छ।





डम्बर बहादुर बि.सी.
अध्यक्ष

उक्त तालिकामा प्रस्तुत गरिएको तथ्याङ्क तुर्माखाँद गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट हालसालै सबै प्रकारका विद्यालय र बालविकास केन्द्रहरुमा शैक्षिक सत्र २०८१ मा भर्ना भएका २ बर्ष देखि ३० बर्ष भन्दा माथि उमेर समूहको विद्यार्थी विवरण हो। उक्त तथ्याङ्कमा उल्लेखित महलमा (+) चिन्ह लगाएर प्रविष्ट गरिएको संख्या विद्यमान शिक्षा ऐन नियमावलीमा तोकिएको तहगत वा कक्षागत उमेर समूह भन्दा बढी उमेरका विद्यार्थी सम्बन्धित तह वा कक्षामा अध्ययनरत रहेको पाइएकोले यसो गरिएको हो। सोही तथ्याङ्क अनुसार यस्तो प्रवृत्ति ECD, कक्षा ४-५ र ६-८ मा पनि रहेको पाइएको छ। कक्षा ९-१० र ११-१२ का विद्यार्थीको उमेर समूह बढी हुनु त स्वभाविकै मानिने भयो।

उक्त तथ्याङ्कमा विद्यार्थीहरुको उमेर समूह खुलेको तर उनीहरुको अध्ययनरत कक्षा नखुलाइएकोले तपसिलमा उल्लिखित तालिकामा रहेको शिक्षक विद्यार्थी अनुपातमा फरक हुनसक्छ। किनकी उक्त तालिका शिक्षा ऐन तथा नियममा तोकिएको उमेर समूहलाई आधार मानेर तयार गरिएको छ। खासगरी कक्षा ९-१० र ११-१२ मा रहेको शिक्षक विद्यार्थी अनुपातको ठूलो अन्तर यसै कारण रहेको हो। विद्यार्थी ९-१० मा अध्ययनरत रहेपनि तहगत उमेर समूह बढी भएका कारण ती विद्यार्थिहरु कक्षा ११-१२ को सूचिमा राखिएका छन् । उमेर समूहकै कारणले कक्षा १-५, ६-८ र १-८ को शिक्षक विद्यार्थी अनुपातको उल्लेखित तथ्याङ्कमा पनि अलिकति हुन सक्ने देखिन्छ।



डम्बर बहादुर वि.सी.
अध्यक्ष

ग) शिक्षक विद्यार्थी अनुपात

विद्यार्थी शिक्षक अनुपात,अन्य सूचकहरुको अवस्था र प्रवृत्ति विश्लेषण:

| तह | सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (संघीय शिक्षण सिकाइ अनुदान, पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत्) | | | | | | | | संस्थागत विद्यालयको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला % | संघीय शि.सि. अनुदान | पालिका/अन्य स्रोतबाट नियुक्त सङ्ख्या | जम्मा | महिला | पुरुष | महिला % | जम्मा | बिद्यार्थी शिक्षक अनुपात | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
| पूर्व प्रा.बि./बा.बि.के. | ० | ५५ | ५५ | ५५ | १०० | ० | ७ | ७ | ७ | ० | १०० | ६२ | १:१९ | | | |
| आधारभूत(१-५) | ७४ | ५७ | १३१ | ४२ | ३२.०६ | ० | ४३ | ४३ | ६ | ३७ | १३.९५ | १७४ | १:१७ | ८ | १६५ | १:२१ |
| आधारभूत(६-८) | १२ | १७ | २९ | ० | ० | १३ | १४ | २७ | ४ | २३ | १४.८१ | ५६ | १:३४ | ० | ० | ० |
| माध्यमिक(९-१०) | ९ | ११ | २० | ० | ० | २६ | ७ | ३३ | १ | ३२ | ३.०३ | ५३ | १:१९ | ० | ० | ० |
| माध्यमिक(११-१२) | ० | १० | १० | ० | ० | १० | ० | १० | ० | १० | ० | २० | १:९२ | ० | ० | ० |
| जम्मा | ९५ | १५० | २४५ | ९७ | | ४९ | ७१ | १२० | १८ | १०२ | | ३६५ | | ८ | १६५ | १:२१ |

स्रोतः शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) २०८१



डम्बर बहादुर बि.सी
अध्यक्ष

### १.५.५ शिक्षा क्षेत्रको योजनाः

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५ वर्षे (वि.सं. २०७३-२०७८) समयावधि २०७८ साल असार मसान्तमा कायम गरिएको थियो । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्द्धनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरू कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भएपछि यसको कार्यान्वयन, संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने दर र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो । कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिएता पनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत समावेशी गुरू योजना, सिकाइका लागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालन समेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नुपर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचा अनुसार गर्नुपर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित

गर्नुपर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पार्‍यो । कार्यान्वयन सम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महसुस भयो । तीन तहको सरकार बिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आवश्यकता देखिएको छ ।

### १.६ दिगो विकासका लक्ष्यहरुः

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनसँगै १५ वर्षे सहश्राब्दी विकास लक्ष्यहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष्य नं. ४ लाई नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य नं.४: सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पूरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुशरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हाँसिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्नु हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष्य, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदि समेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य नं. ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या



डम्बर बहादुर विष्ट
अध्यक्ष

समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य नं. ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलुकहरूले स्वयंसेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयंसेवी राष्ट्रिय समिक्षा गर्ने योजना बनाएको छ । यो समिक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयंसेवी राष्ट्रिय समिक्षा गरेको थियो । यस समिक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समिक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ठि गर्नुपर्ने सुझाव प्रस्तुत भएको छ । सो समिक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सिमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समिक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पूरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समिक्षाले साक्षरताको राष्ट्रिय अभियान अन्तर्गत झण्डै एक तिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलन समेत गरेको छ ।

## १.७ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतिहरूः

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतिहरू निम्न अनुसार पहिचान गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु ।

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूलाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु ।

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता नहुनु ।

४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन नसकिनु ।

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्न नसकिनु ।

६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक-सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु ।

७. व्यवहार कुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकिकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउन नसकिनु ।

८. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलतामा वृद्धि गर्न नसकिनु ।

९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन नहुनु ।

१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग नहुनु ।

११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन नसकिनु ।

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजा लगायत सरसफाई तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गर्न नसकिनु।

१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्न नसकिनु ।

१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन नसकिनु ।

१५. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्न नसकिनु ।

१६. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्न नसकिनु।

१७. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने वातावरण नहुनु।

१८. अन्ध विश्वास तथा परम्परागत रुढीबादी परम्परा कायम रहनु ।

१९. वाल मनोविज्ञानको समस्या हुनु ।

२०. तल्लो तहमा भर्ना भएका दलित छात्र छात्राहरुको संख्या माध्यमिक तहसम्म पुग्दा न्यून हुनु।

२१. आन्तरिक तथा बाह्य बसाइँसराइ र निजी विद्यालयमा पढाउने मोहले गर्दा सरकारी विद्यालयको विद्यार्थी सङ्ख्या दिन प्रति दिन घट्दै जानु ।

२२. विद्यालयप्रति सरोकारवालाहरुको चाँसो कम हुनु ।

**१.८ पालिकाको शिक्षाक्षेत्रको विकासका लागि मुख्य अवसरहरुः**

**उल्लिखित चुनौतिहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उपलब्ध हुनेछन्:**

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रूपमा कायम रहन सक्ने ।
२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि तयार गरेको संवैधानिक, कानुनी तथा नीतिगत आधार कार्यान्वयन हुन सक्ने ।
३. दिगो विकास लक्ष्य प्रासिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता हुन सक्ने ।
४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति हुन सक्ने ।
५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन हुन सक्ने ।
६. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भई तीनै तहबाट लगानीको व्यवस्था हुन सक्ने ।

७. विद्यालय तहको शिक्षा सुधारका लागि विद्यमान संरचनामा सुधार तथा परिमार्जन गरी यसको उपयोग गर्न सकिने ।

८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को विकास भई पूर्ण कार्यान्वयन हुन सक्ने ।

९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति अनुसार नतिजा सुधारका लागि सहयोग हुन सक्ने।

१०. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहन सक्ने ।

११. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षण बढ्न सहयोग पुग्न सक्ने ।

१२. "तुर्माखाँद गाउँपालिका राइनचिन" नामक स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन भइसकेकोले सो बिषयको कक्षा १-८ को पाठ्यपुस्तक निर्माण भई पठनपाठनमा सहजता हुन सक्ने ।

१३. विषयगत दरबन्दी मिलान र आवश्यकता अनुसार थप कोटा वितरण हुन सक्ने ।

१४. दलित विद्यार्थीको लागि ११ र १२ कक्षामा निःशुल्क शिक्षाको व्यवस्था भएकाले माध्यमिक तहमा दलित विद्यार्थीको पहुँचमा वृद्धि हुन सक्ने ।

१५. विद्यालयले अभिभावक शिक्षा, अभिभावक अन्तरक्रिया, घरदैलो भेटघाट जस्ता कार्यक्रमहरु संचालन गरेमा अभिभावकहरुमा शिक्षाप्रतिको आकर्षण बढ्न सक्ने ।

१६. आन्तरिक तथा बाह्य बसाइँसराइमा कमि ल्याई निजी विद्यालयप्रतिको मोह त्यागी सबैले आ-आफ्नो बालबालिकालाई सरकारी विद्यालयमा पढाएमा विद्यार्थी सङ्ख्या बढ्न जाने र विद्यालयका सरोकारवालाहरुको अपनत्व बढ्न सक्ने ।

# परिच्छेद-दुई

## दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

### परिचय

कुनै पनि योजना तथा परियोजना सञ्चालनका लागि योजनाको कल्पना गर्नु, योजना बनाउनु अत्यन्त आवश्यक हुन्छ। योजनाको कल्पना र योजना बनाएर मात्र पुग्दैन त्यसको लागि उद्देश्य, रणनीति, कार्यक्रम र यसको उपलब्धि समेतको आँकलन गरिन्छ। विना कल्पना, योजना, लक्ष्य, रणनीति तय गरिएको परियोजना प्राण विनाको प्राणी जस्तो हुन्छ। तुर्माखाँद गाउँपालिकाको १० बर्षे शिक्षा योजनाले तय गरेका दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य को विस्तृत जानकारीको विवरण निम्नानुसार रहेका छनः

### २.१ दीर्घकालीन सोचः (Vision)

**"गुणस्तरीय तथा जीवन उपयोगी शिक्षा, तुर्माखाँद गाउँपालिकाको ईच्छा"** भन्ने नारा पूरा गर्न विद्यालय बाहिर रहेका वा पहुँचमा नभएका सबै बालबालिकाहरुलाई सिकाइको केन्द्रबिन्दुमा ल्याई गुणस्तरीय शिक्षाका लागि शिक्षक तथा कर्मचारी एवम् शैक्षिक तथा भौतिक पूर्वाधारको व्यवस्थापन गरी विद्यार्थीको कक्षा छोड्ने र दोहोर्‍याउने दरलाई न्यूनिकरण गर्दै सिकाई उपलब्धी वृद्धि गर्ने यस योजनाको दीर्घकालीन सोच रहेको छ ।

### २.२ ध्येयः (Mission)

विकट र विपन्न तुर्माखाँद गाउँपालिकाको विद्यालय तहको शिक्षालाई २१ औं शताब्दीको वैज्ञानिक युगमा समायोजन हुन सक्ने सरल, सहज पहुँच योग्य र गुणस्तरीय बनाउने ।

### २.३ उद्देश्यहरूः (Objectives)

१) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा उपस्थित गराउने,
२) विद्यालयमा भर्ना भएका सबै बालबालिकालाई नियमित उपस्थित गराई टिकाउने, सिकाउने र विश्व बजारमा बिकाउने,
३) सिकाई उपलब्धी दर वृद्धि गर्ने,
४) अभिभावक शिक्षामा जोड दिई शिक्षक, अभिभावक र विद्यार्थी बिचको त्रिपक्षीय सम्बन्ध सुधार गर्ने,
५) विशेष शिक्षा (दृष्टिबिहिन, बहिरालाई दिईने शिक्षा) को व्यवस्था गर्ने,
६) विद्यालय तहको शिक्षालाई प्रविधिमैत्री बनाउने,
७) विद्यार्थी संख्या अनुसार शिक्षकको व्यवस्था गर्ने,
८) भौतिक पूर्वाधारको दिगो ब्यवस्थापन गर्ने,
९) सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको पेसागत दक्षता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने,

१०) "शिक्षक-कर्मचारीको हातमा, ल्यापटप साथमा" भन्ने नीति ल्याई सबै शिक्षक तथा कर्मचारीहरुलाई कम्प्युटर शिक्षामा अनिवार्य दक्ष बनाउने ।

२.४ रणनीतिहरू: (**Strategies**)

विद्यालय सेवा क्षेत्र भित्रका बालबालिकालाई विद्यालयमा पहुँच पुऱ्याई नियमित उपस्थित गराएर सिकाई उपलब्धि दर वृद्धि गर्न तथा आवश्यक भौतिक पूर्वाधारको दिगो व्यवस्थापनद्वारा सिकाइ वातावरण सिर्जना गरी गाउँपालिकाले विद्यार्थीको अनुपातमा र बिषयको आधारमा दरवन्दी थप गरेर सरोकारवालाहरुमा अपनत्व बढाई निम्न कार्यनीतिहरु तय गरेको छ:

कार्यनीति

१) भर्ना अभियान संञ्चालन गर्ने,

२) शिक्षक, विद्यार्थी, अभिभावक विच अन्तरक्रिया गर्ने,

३) दिवा खाजालाई निरन्तरता दिई माथिल्लो कक्षाहरुमा क्रमश: विस्तार गर्ने,

४) शिक्षा क्षेत्रसंग सम्बन्धित सबै प्रकारका प्रोत्साहन कार्यक्रमहरुको व्यवस्था गर्ने,

५) अतिरिक्त कक्षा संञ्चालनका साथै कमजोर विद्यार्थी पहिचान गरी उपचारात्मक शिक्षण विधिको प्रयोग गर्न शिक्षकहरुलाई प्रोत्साहित गर्ने,

६) पालिकाले विशेष शिक्षा (दृष्टिबिहिन, बहिरालाई दिईने शिक्षा) दिने विद्यालय स्थापना गर्ने,

७) परीक्षा प्रणालीमा सुधार गर्ने ।

## २.५ अपेक्षित मुख्य उपलब्धिः

१) तुर्माखाँद गाउँपालिकाको सेवाक्षेत्रमा विद्यालय बाहिर रहेका विद्यालय जाने उमेर समूहका बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन् ।

२) गाउँपालिकामा बसोवास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा, जीवन पर्यन्त शिक्षाको अवसर भएको हुने छ ।

३) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

४) आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।



डम्बर बहादुर वि.सी.
अध्यक्ष

५) सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पूरा भई बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार भएको हुनेछ ।

## २.६ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छः

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८५ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर॰ (%) | स्थानीय | ८२.३ | ९०.० | ९८.० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ८६.२ | ९४.० | ९९.० | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका॰ (%) | स्थानीय | ५३.८ | ७३०.० | ९३.० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ६८.६ | ८५.० | ९५.० | |
| आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९१.६ | ९५.० | १०० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ९६.९ | ९९.० | १०० | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११४.१ | १०७.० | १००.० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | १२१.९ | १०७.० | १०५.० | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर॰ (%) | स्थानीय | ९६.४ | ९८.० | १०० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ९७.१ | ९९.५ | १०० | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर॰ (%) | स्थानीय | ९६.३५ | ९८.० | १०० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | ११०.० | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर॰ (%) | स्थानीय | ९३.८ | ९६.० | १०० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ९८.३ | ९९.०० | १०० | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर॰ (%) | स्थानीय | १११.५ | १०५.० | १०० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ११३ | १०७ | १०५.० | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर॰ (%) | स्थानीय | ९४.३ | ९८.० | १०० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ९३.० | ९५.० | १०० | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर॰ (%) | स्थानीय | ९२.४ | ९६.० | १०० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ८५.८ | ९५.५ | ९९.५ | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका॰ (%) | स्थानीय | २५.९ | २०.० | १५.० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | २२.२ | १५.० | १०.० | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक | स्थानीय | १.०५ | १.०३ | १.०१ | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | १.०६ | १.०४ | १.०१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समता सूचाङ्क* | | | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ९३.०२ | ९६.० | १०० | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ९३.४ | ९५.५ | १०० | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | ११५.५ | ११० | १०५ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ११०.४ | १०५,२ | १०० | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ८१.३४ | ८८.० | ९५.० | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ७९.३ | ९०.० | ९५.० | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ८१.३४ | ८८.० | ९५.० | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ७२.७ | ८५.० | ९५.० | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.०४ | १.०२ | १.१ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | १.०१ | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४५ | ५५ | ६५ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | ४३ | ५३ | ६३ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४४ | ५४ | ६४ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ४५.० | ६०.० | ७०.० | |
| | | गणित | स्थानीय | ३३ | ४३ | ५३ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | २८.३ | ६०.० | ७०.० | |
| | | अङ्ग्रेजी | स्थानीय | ३२ | ४२ | ५२ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ३४.२ | ४५.०० | ५५.०० | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५५ | ६५ | ७५ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ६८.५ | ७२ | ७५ | |
| | | गणित | स्थानीय | ४७ | ५७ | ६७ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ५३.५ | ६५.० | ७०.० | |
| | | विज्ञान | स्थानीय | ४१ | ५१ | ६१ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ४३.८ | ६०.० | ७०.० | |



डम्बर बहादुर बि.सी.
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१९ | विद्यालय वाहिर रहेका वालवालिका• (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | १.३ | १.० | ०.८ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | २.९ | ०.५ | ० | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | १.२ | ०.८ | ०.४ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ६.६ | १.० | ० | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या•(%) | | स्थानीय | २६.२५ | ३५ | ४० | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ४३.७ | ५०.० | ५०.० | |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर• (%) | | स्थानीय | ६३.७ | ७० | ८० | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ४७.६ | ६५.० | ८०.० | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर• (%) | | स्थानीय | ६९.५ | ७५ | ८० | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ७१.४ | ८५.० | ९९.० | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक• (कक्षा ९-१२) | | स्थानीय | १.०६ | १.०१ | १.०० | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर• (%) | | स्थानीय | ९४.७ | ९६.५ | ९८ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ९७.५ | ९८.५ | १०० | |
| ३.५ | कक्षा १ मा भर्ना भएका वालवालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | ६६.५ | ७६ | ८६ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | ६०.३ | ७०.० | ८०.० | |
| ३.६ | कक्षा १ मा भर्ना भएका वालवालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | ३२.८ | ४० | ४८ | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | २४.० | ३४.० | ४५.० | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या• (%) | | स्थानीय | १.३६ | १० | २० | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | २०.६ | २७.० | ३३.० | |
| ३.८ | कक्षा १० का विद्यार्थीको सिकाइ उपलव्धि• (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | | | | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | | | | |
| | | विज्ञान | स्थानीय | | | | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | | | | |
| **४. सुशासन तथा व्यवस्थापन** | | | | | | | |
| ४.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | स्थानीय | १:१९ | १:२५ | १:३० | शिक्षा शाखा तुर्माखाँद |
| | | | राष्ट्रिय | २४:१ | ३०:१ | ३०:१ | |



डम्बर बहादुर बि.सी.
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १:३२ | १:३२ | -१:३२ | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ३०:१ | ३०:१ | ३०:१ | |
| ४.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १:२२ | १:२२ | १:२२ | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ३३:१ | ३०:१ | ३०:१ | |
| ४.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १:१९ | १:२० | १:२० | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ४०:१ | ३०:१ | ३०:१ | |
| ४.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १:२९ | १:२५ | १:२५ | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ४१:१ | ३०:१ | ३०:१ | |
| शिक्षामा लगानी | | | | | | |
| ५.१ | कूल वजेटको शिक्षा क्षेत्रमा विनियोजित वजेट•(%) | स्थानीय | | | | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | १०.६८ | १७.० | २०.० | |
| ५.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | १८ | २४ | | |
| ५.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | शिक्षा शाखा तुर्माखाँद |
| | | राष्ट्रिय | ११ | १७ | | |

उपर्युक्त तालिकानुसार नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ। विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्नादरमा भएको वृद्धि र साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछ । सन् २०२० को तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.२ र ६८.६ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षा (कक्षा १–५) मा यो प्रतिशत क्रमशः ११९.२ र ९७.१ रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा १–८) कुल र खुद भर्ना दर क्रमशः ११०.४ र ९३.४ प्रतिशत रहेको छ । अर्कोतिर कक्षा १–३ मा औषत कक्षा दोहोर्‍याउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ । कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेको देखिन्छ । यसरी भर्ना भएकामध्ये करिब २१ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ६.२ प्रतिशत उमेर समूह ५–१२ वर्षका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म टिकाउनु जरुरी छ । माध्यमिक तह (कक्षा ९–१२) मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षा भन्दा बाहिर रहेको छ ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ । सन् २०२० को तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा भर्ना भएका छन् । विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२% मात्र विद्यार्थी देखिन्छन् । यो हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायले १ वर्षका कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् । त्यसै गरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७ र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९८ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ । त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहितको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३, ५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसहितको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ

इश्वर बहादुर वि.सी. ४० अध्यक्ष

शिक्षाको सबै तहमा सुशासन कार्यमै गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधान अनुसार तीनै तहको सरकारको समन्वय, सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापन गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँच भएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।

यसै गरी स्थानीय र प्रदेश तहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने, विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने, तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा देखा परेको अन्तर घटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

उल्लिखित तालिका अनुसार तुर्माखाँद गाउँपालिकाको शैक्षिक तथ्याङ्क मा प्रारम्भिक बालविकास केन्द्रको कूल भर्नादर ८२.३ प्रतिशत, आधारभूत तह कक्षा १-५ र १-८ को कूल र खुद भर्ना दर क्रमशः ९६.३५, ९६.४ ,११०.४, ९३.०२ प्रतिशत रहेको छ भने माध्यमिक तह ९-१२ कूल तथा खुद भर्ना दर क्रमशः ६९.५६ र ६३.७ रहेको पाइन्छ। कक्षा १ मा भर्ना भइ कक्षा ८ सम्म पुग्ने दर ८१.३४ रहेको छ भने यो दर कक्षा १० र १२ गएर क्रमशः ६६.५ र ३२.८ रहेको छ। यस गाउँपालिकामा आधारभूत तह कक्षा १-५ तथा १-८ मा विद्यार्थी टिकाउ दर क्रमशः ९४.३ र ८१.३४ रहेको छ। सम्बन्धित तह र कक्षामा तोकिएको उमेर भन्दा बढी उमेर समूका बालबालिकाहरुको भर्ना भएको देखिन्छ। यसको प्रतिशत कक्षा १-५ मा २५.९ रहेको देखाइएको छ भने यो प्रवृत्ति माथिल्ला कक्षाहरुमा समेत रहेको पाइन्छ। विद्यालयमा विद्यार्थीहरु अंग्रेजी, गणित, विज्ञान जस्ता विषयहरुमा विद्यार्थीहरुको उतिर्ण प्रतिशत न्यून रहेको र अन्य विषयहरुमा उतिर्ण प्रतिशत सन्तोषजनक भएपनि विद्यार्थीको क्षमतामा तमाम शंका गर्ने अवश्था भेटिन्छ। बिगत केही बर्ष देखि यस गाउँपालिकाका मानिसहरुमा सहरमुखी मोह र बोर्डीङ्ग स्कूल प्रतिको आकर्षणले गाँजेकोले उनीहरु आफू सहर पस्ने र विदेश गएर भएपनि आफ्नो सन्तान विशेष गरी छोरालाई सहरबजारका नामी बोर्डीङ्ग स्कूलमा पढाएकोमा गर्व गर्नेको संख्या

पनि उल्लेख्य रहेको पाइन्छ। जसको कारण यस गाउँपालिकामा रहेका खेतियोग्य जमिन बाँझो र कुनै वेला विद्यार्थीहरुले भरिभराउ हुने विद्यालय बन्द तथा नजिकको अर्को विद्यालयमा गाभ्नुपर्ने (मर्ज) गर्नपर्ने अवश्थामा पुगेका छन। सरकार तथा अभिभावकहरुको विद्यालय प्रतिको चासो कमी भएर शिक्षक तथा कर्मचारीहरुको लापरवाही हुनु पनि यसको एक कारण हुनसक्छ। यसो हुन नदिन सरकार, समुदाय र शिक्षक कर्मचारीहरुमा सुमधुर सम्बन्ध र तालमेल हुन जरुरी देखिन्छ।

परिच्छेदः ३

## विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

गाउँ तुर्माखाँद गाउँपालिका गाउँपालिकाको कार्यालय तुर्माखाँद,अछाम सुदूरपश्चिम प्रदेश,नेपाल २०७३

### परिचय

तुर्माखाँद गाउँपालिकाले विद्यालयको सुधारका लागि निर्माण गरेको यस १० वर्षे शैक्षिक योजनामा विभिन्न उपक्षेत्र निर्माण गरी योजनालाई व्यवस्थित गरिएको छ । पाठ्यक्रम तथा मूल्याङ्कन र शैक्षक विकास जस्ता उपक्षेत्रहरु अन्तर बिषयको वर्तमान अवस्था समिक्षा गरी चुनौति पहिचान गरिएको छ । यस परिच्छेद भित्रका उपक्षेत्रभित्र प्रारम्भिक वा बर्तमान अवस्थाको समिक्षा र पहिचान गरिएका चुनौतिहरुलाई दृष्टिगत गरी उद्देश्य प्राप्तिका लागि क्षेत्रगत रणनीति, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु निर्धारण गरिएको छ । यस खण्डमा नेपालको संविधानले निर्देशित गरेको दृष्टिकोण, मौलिक अधिकार, नीजि सँरचना, शिक्षासम्बन्धी नीति, दिगो विकासको लक्ष्य, अन्तरष्ट्रिय क्षेत्रमा शिक्षासम्बन्धी प्रतिवद्धता, १६औं योजनासमेतको आधार लिने र विद्यालय शिक्षाको राष्ट्रिय प्रारुप २०७६ को संरचनालाई समेत महत्त्वपूर्ण आधार मानिएको छ । यसैको आधारमा यस उपक्षेत्रमा वर्तमान अवस्थाको समिक्षा गरी चुनौति पहिचान गर्नुकासाथै योजनाका लागि उद्देश्य, रणनीति, प्रमुख नतिजा, आँकलन, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

परिचयः

नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय नीति २०७६ मा ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने १ वर्षे शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरा उल्लेख छ । नेपालको १६औं योजनामा पनि बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिएकाले तुर्माखाँद गाउँ शिक्षा योजनामा पनि विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक सामाजिक र संवेगात्मक जस्ता विकासमा सहयोग गर्नका लागि यस कार्यक्रमलाई समावेश गरिएको हो । यस कार्यक्रमलाई सबै बालबालिकाहरुको पहुँचमा पुऱ्याउनका लागि सरकारी तथा गैर सरकारी संघसंस्था, स्थानीय सरकार, समुदाय, विद्यालय तथा आम सरोकारवालाहरुको सहयोग हुन आवश्यक छ । यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, नीति, कार्यक्रम, कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु निम्नानुसार उल्लेख गरिएको छः

डम्बर बहादुर वि.सी. अध्यक्ष

### ३.१.१ वर्तमान अवस्थाः

तुर्माखाँद गाउँपालिकामा जम्मा ४९ ओटा प्रारम्भिक बालविकासहरु छन् । यी मध्ये ३६ ओटा प्रारम्भिक बालविकास केन्द्र विद्यालयमा सञ्चालित छन्; जसमध्ये ३० ओटा बाल विकास केन्द्रहरु संघ र गा.पा.अनुदानमा आधारित छन् भने ६ ओटा बाल विकास केन्द्रहरु गा.पा.अनुदानमा मात्र आधारित छन् । त्यस्तै १३ ओटा प्रारम्भिक बालविकास केन्द्रहरु समुदायमा आधारित छन्; जसमध्ये १२ ओटा बाल विकास केन्द्रहरु संघ र गा.पा.अनुदानमा आधारित छन् भने एउटा बाल विकास केन्द्र मात्र गा.पा.अनुदानमा आधारित रहेको देखिन्छ । तुर्माखाँद गाउँपालिकाभित्र सञ्चालित बालविकास केन्द्रहरुमा ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरु भर्ना भएका छन् । उमेर नपुगेका बालबालिकाहरुसमेत बालविकास केन्द्रमा जाने गरको पाइन्छ । विद्यालयमा आधारित बालविकास केन्द्रहरुको अवस्था सन्तोषजनक देखिए पनि समुदायमा आधारित बालविकास केन्द्रहरुको व्यवस्थापन कमजोर रहेको देखिन्छ । यसलाई सुधार गर्न सम्बन्धित पक्षले ध्यान दिन जरुरी छ ।

### ३.१.२ उद्देश्यः

सबै बालबालिकाहरुलाई गुणस्तरीय बालविकासको शिक्षाको अवसर सुनिश्चित गर्न निम्नलिखित विशिष्ट उद्देश्यहरु किटान गरिएको छः

१. तीन र चार वर्ष उमेर समूहका बालकालिकाहरुलाई बाल विकास शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्ने,

२. बालबालिकाहरुलाई बालविकास सहित आधारभूत शिक्षाको तयारीमा पहुँच बढाउने,

३. बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्ने,

४. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्ने,

५. सबै बालबालिकाहरुलाई बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउने,

६. समुदायमा आधारित बालविकास केन्द्रहरुको भौतिक व्यवस्थापन गुणस्तरयुक्त बनाउने ।

### ३.१.३ रणनीतिः

प्रारम्भिक बाल विकासको शिक्षाको अवसर सुनिश्चित गर्न निर्दिष्ट गरिएका उद्देश्यहरु प्राप्त गर्न निम्नलिखित रणनीतिहरु अबलम्वन गरिने छः

१. संघीय सरकारद्वारा अबलम्वन गरिएका मापदण्ड र ढाँचा अनुसार अनुदानका आधारमा बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिने छ ।

२. प्रदेश सरकारको सहयोगमा क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गरिने छ ।

३. बाल विकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन, पुनर्वितरण, भौगोलिक जटिलता र नयाँ बालविकास केन्द्रको स्थापना गरिने छ ।

४. भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाका लागि नमूनाका रुपमा विकास गरी पहुँच सुनिश्चित गरिने छ ।

५. गुणस्तर सुनिश्चित गर्न सिकाइको आवश्यकता सम्बोधन गर्न पाठ्यक्रम कार्यान्वयन गरिनेछ ।

६. बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिताका लागि परिवार, समुदाय. संघसंस्था, निजी क्षेत्र र विद्यालयलाई जिम्मेवार गराईनेछ ।

७. सूचना तथा प्रविधियुक्त, बालमैत्री, कक्षाकोठाको व्यवस्थापन गरिनेछ ।

१. प्रारम्भिक बालशिक्षामा महिलालाई सहजकर्ताका लागि प्राथमिकता दिइनेछ ।

२. पालिकामा सञ्चालित विद्यालयहरुमध्ये प्रारम्भिक बाल विकास नभएका विद्यालयहरुमा प्रारम्भिक बाल विकास दरबन्दीको व्यवस्था गरिने छ ।

**३.१.४ प्रमुख उपलब्धि तथा नतिजाः**

(क) उपलब्धिः

१ सबै बालबालिकाहरुलाई गुणस्तरीय बालविकास तथा शिक्षाको सुनिश्चित हुने ।

**(ख) प्रमुख नतिजाः**

१. चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई एक वर्षको शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।

२. बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त हुने ।

३. मण्टेश्वरी तालिम प्राप्त शिक्षक र बालबालिकाको हेरचाहका लागि सहायक कर्मचारीसहितको बालविकास केन्द्र रहने ।

४. समय अनुसारको पाठ्यक्रम परिमार्जन गरी उनीहरुको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय शिक्षाको सेवा सुनिश्चित हुने ।

५. बालबालिकाको आवश्यकता अनुसार समुदायमा घुम्ती बालविकास केन्द्रको नमुनाहरु विकास हुने ।

६. बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, समुदाय, संघसंस्था र विद्यालय जिम्मेवार हुने ।

**योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरीएको छ।**

| क्रसं | सूचक | आधार वर्ष (२०८०/८१) | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँड्ख्या | १०५४ | १५०० | २००० |
| २ | तोकिएको न्यूनतम मापदण्ड पुरा गरेका प्रारम्भिक बाल विकास र शिक्षा केन्द्र | ६२ | ६७ | ७० |

उपर्युक्त योजनाको कार्यान्वयनबाट आधार बर्ष २०८०/०८१ रहेको बालबिकास केन्द्रको कूल विद्यारथी संख्या १०५४ बाट बढेर २०८५ मा १५०० र २०९० सम्म प्रारम्भिक बालबिकास केन्द्रमा सो उमेर समूहका करिव २००० पुग्ने र विद्यालय र समुदायमा आधारित बालबिकास केन्द्रको संख्या ६२ बाट बढेर २०८५ मा ६७ र २०९० मा ७० पुग्नेछ।

माथि उल्लेखित नतिजा अनुमानित भएको र भौगोलिक विकटता, गाउँपालिकाको आवश्यकता र जनसंख्याको चाप अनुसार उक्त संख्यामा घटबढ पनि हुन सक्छ।

### ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरुः**

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन अनुमति तथा पुनर्वितरण | केन्द्र | - | १ | १ | १ | २ | ५ | ३ |
| २ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | जना | ७ | ७ | ७ | ७ | ७ | ३५ | ३५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्युनत्तम मापदण्ड प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | दुर्गम लक्षित वर्गका बालबालिकालाई वैकल्पिक बालविकास केन्द्र सञ्चालन | संख्या | | | | | | | आवश्यकतानुसार |
| ५ | बालविकास केन्द्रको पाठ्यक्रम प्रवोधीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | बालविकास केन्द्रका लागि अपाङ्गमैत्रीशौचालयसहितको कक्षाकोठाको व्यवस्था | संख्या | | | | | | | आवश्यकतानुसार |
| ७ | बालउद्यान र खेलकुद तथा शैक्षिक सामग्रीको व्यवस्था | संख्या | | | | | | | आवश्यकतानुसार |
| ८ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | बालविकास केन्द्र सहजकर्तालाई मण्टेश्वरी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | स्वास्थ्य परीक्षण, खोप वृद्धि अनुगमन र कूपोषित बालबालिकाहरुलाई आवश्यक प्रबन्ध | पटक | २ | २ | २ | २ | २ | १० | १० |
| ११ | शैक्षिक सूचना प्रणालीमा पाठ्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १२ | अनुगमन सुपरीवेक्षण सहयोग र सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १३ | सहयोगीको व्यवस्था | संख्या | २ | २ | २ | २ | २ | १० | ८ |

तुर्माखाँद गाउँपालिकाको शिक्षा योजनानुसार प्रारम्भिक बालबिकास केन्द्रको हकमा गरिने आगामी १० बर्ष भित्र गरिने प्रमुख क्रियाकलाप र लक्ष्यहरुमा विक्रम संवत २०८५ सम्ममा ५ वटा बाबिकास केन्द्र वितरण गरिने र २०९० सम्म ३ वट बालबिकास केन्द्र थप्ने लक्ष्य लिनुका साथै बालबिकास शिक्षक/सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि यसै शैक्षिक सत्रबाट कम्तीमा बार्षिक ७ जनाका दरले सबैलाई क्षमता बिकास तालिम प्रदान गरिने,प्रारम्भिक बालबिकासशिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण, पाठ्यक्रम प्रबोधीकरण, शैक्षिक सुचना प्रणालीमा पाठ्क्रमा कार्यान्वयन, बालबिकास सहजकर्तालाई मन्टेश्वरी तालिम कम्तीमा बार्षिक रुपमा एकपटक

अनिवार्य गरिने लक्ष्य राखिएको।त्यसै गरी दुर्गम तथा लक्षित वर्गका बालबालिकाका लागि बालविकास केन्द्र सञ्चालन, बालमैत्री तथा अपाङ्गमैत्री शौचालय,बालउद्यान, खेलकुद तथा शैक्षिक साग्रीको व्यवस्था आवश्कतानुसार गर्दै लैजाने, अर्धबार्षिक रुपमा अनिवार्य बालबालिकाहरुको स्वास्थ्य परिक्षण गरि कुपोषित बालबालिकाहरुको आवश्यक प्रबन्ध र बालबिकास केन्द्रले बार्षिक रुपमा एक पटक अनिवार्य अभिभावक शिक्षा गर्नुपर्ने लक्ष्य राखिएको छ।तर्माखाँद गाउँपालिकाले समुदायमा आधारित सबै बालबिकास केन्द्रहरुमा कार्यालय सहयोगी व्यवस्था गर्ने लक्ष्य पनि राखेको छ।

यसका अतिरिक्त विद्यालय, समुदाय र सरकारको साझेदारीमा बालबिकास केन्द्रको बसाइ तथा सिकाइलाई थप रमाइलो तथा प्रभावकारी बानउन विद्यालय, समुदाय र सरकार सहितको त्रिपक्षिय लगानी साझेदारी कार्यक्रमको शुरुवात गर्ने लक्ष्य पनि यो १० बर्षे शिक्षा योजनाले लिएको छ। जसमा विद्यालय, समुदाय र सरकारले गर्नुपर्ने कार्यको बाँडफाँड गरि तोकिएको जिम्मेवारी अनिवार्य पुरा गर्नुपर्ने यसो गर्न समय समयमा ३ वटै पक्षमा आवश्यक छलफल तथा अन्तरक्रिया गरि आवश्यक पशल गर्ने।

## ३.२ आधारभूत शिक्षा

**परिचयः**

कुनै पनि शिक्षाको बलियो आधार आधारभूत शिक्षा नै हो । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जिवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवन पर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक र आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षाको रुपमा लिईएको छ । यस तहको शिक्षालाई अनिवार्य तथा निशुल्क शिक्षाको रुपमा पनि परिभाषित गरिएको छ ।

### ३.२.१ वर्तमान अवस्थाः

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस गाउँपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्नानुसार रहेको छः

**प्रमुख समस्या र चुनौतिहरूः**

१.आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चिता नहुनु,

२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन नहुनु,



डम्बर बहादुर बि.सी.
अध्यक्ष

३. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन नसकिनु,

४. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउन नसकिनु,

५. विद्यालय पोषण, दिवाखाजा र स्वास्थ्य सरसफाई लगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्न नसकिनु,

६. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्न र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र वैद्यता बनाउन नसकिनु,

७. आधारभूत विद्यालयको शिक्षालाई विविधता अनुकुल समावेशी र समतामूलक बनाउन नसकिनु।

### ३.२.२ उद्देश्य

आधारभूत शिक्षाको मुख्य उद्देश्य आधारभूत तहको विद्यालय उमेर समूहका सबै बालबालिकाको पहुँच र सहभागितामा सुनिश्चित गर्दै नि:ल्क र गुणस्तरीय शिक्षा प्रदान गर्नु रहेको छ । यस बाहेक यो योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

१. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वियन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्ने,
३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हाँसिल हुने अवस्था सुनिश्चित गर्ने,
४. आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशीं र सुरक्षित बनाउने,
५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल उत्थानशील र जवाफदेही बनाउने,
६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

### ३.२.३ रणनीति

माथि उल्लेखित आधारभूत तहका उद्देश्यहरु परिपूर्तिका लागि निम्नलिखित रणनीतिहरु अबलम्वन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यसतहको शिक्षामा सवैको समतामूलक पहुँच र सहभागितामा सुनिश्चित गरिने छ ।

२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गरेने छ ।

३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हाँसिल हुने अवस्था सुनिश्चित गरिने छ ।

४. आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशीं र सुरक्षित बनाइने छ ।

५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल उत्थानशील र जवाफदेही बनाइने छ ।

६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजाः

**(क) उपलब्धिः**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**(ख) प्रमुख नतिजाहरुः**

१. सबै बालबालिकाहरु आधारभूत शिक्षाको पहुँचमा भई सहभागी भएको हुने ।

२. सबै विद्यालयहरुले प्राथमिकता प्राप्त समितिको अनुगमन मूल्याङ्कन अनुसार सक्षमता (PMEC) पूरा गरेको हुने ।

३. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलव्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुने ।

४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वास्थ्यकर दिवाखाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने ।

५. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हाँसिल गरेको हुने ।
६. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार भएको हुने ।
७. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने ।
८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग पुगेको हुने ।
९. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।

### ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु उल्लेख गर्ने प्रयत्न गरिएको छ।

| क. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | - | १ | - | १ | - | २ | २ | द्विवार्षिक |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | - | १ | - | १ | - | २ | २ | द्विवार्षिक |
| ३ | शिक्षकहरुलाई आई सि टी तालिम | संख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | १५३ | |
| ४ | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था | संख्या | | | | | | | | |
| ५ | आधारभूत तह उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना | संख्या | | | | | | | | १०० प्रतिशत पुऱ्याउने । |
| ६ | विद्यालयमा न्यूनत्तम भौतिक पूर्वाधार विकास भवन कक्षकोठा फर्निचर शौचालय खानेपानी खेलमैदान घेराबार दिवाखाजा | संख्या | | | | | | | | १०० प्रतिशत पुऱ्याउने । |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | स्थानीय पाठ्यक्रम प्रवोधिकरण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | विपद् प्रकोप सङ्कट तथा महामारीलगायतका परिस्थितिवाट वच्न सचेतनामूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | शिक्षक पेसागत विकास सहायता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजा प्रवन्ध | कक्षा | | | | | | | | विस्तार गर्दै लिने |
| १३ | छात्रवृति अतिविपन्न गरिवी लक्षित समूह पोशाक र शैक्षिक सामग्री | सख्या | | | | | | | | आवश्यकतानुसार |
| १४ | निःशुल्क पाठ्यपुस्तक | सख्या | | | | | | | | आवश्यकतानुसार |
| १५ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयन गर्ने | पटक | | | | | | | | सासाहिक |
| १६ | आधारभूत तहमा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | पटक | | | | | | | | वार्षिक |
| १७ | विद्यालयका वि व्य स र शि अ सँ पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखीकरण | पटक | | | | | | | | वार्षिक |
| १८ | दुर्गम क्षेत्र तथा लक्षित वालवालिकाहरुलाई आवासीय विद्यालय | संख्या | | | | | | | | आवश्यकतानुसार |
| १९ | प्रारम्भिक कक्षा सिप विकास कार्यक्रम | पटक | | | | | | | | |
| २० | वालमैत्री इजिआरए कार्यक्रम | पटक | | | | | | | | आवश्यकतानुसार |

तुर्माखाँद गाउँपालिकाको १० बर्षे शिक्षा योजनानुसार प्रत्येक २/२ बर्षमा विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र विद्यमान ऐन कानुन अनुसार शिक्षक व्यवस्थापन गरिने लक्ष्य लिएको छ। आधारभूत तहमा बालबालिकाको खुद भर्नादर तथा भौतिक पूर्वाधार बिकास शतप्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। विद्यालयको कार्यसम्पादन, पाठ्यक्रम प्रोधीकरण र कार्यान्वयन, शिक्षको पेसागत दक्षता तालिम, बार्षिक रुपमा एक पटक गर्ने लक्ष्य लिइएको छ। जसले गर्दा शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका साथै सूचना तथा सञ्चार प्रविधिसंग निरन्तर अपडेट

भइ शिक्षाको गुणस्तर वृद्धि हुनेमा कसैको दुईमत नहोला। विद्यालयका विद्यार्थीलाइ प्रदान गरिदै आएको दिवाखाजाको हालको व्यवस्थालाई सकेसम्म माथिल्लो कक्षाहरुमा विस्तार गर्दै लैजाने लक्ष्य राखिएको छ। विपन्न तथा लक्षित समूहका बालबिकाहरु छात्रवृत्ति तथा पोसाक, आधारभूत तहमा स्तरिकृत परिक्षा सञ्चालन तथा व्यवस्थापन दुर्गम तथा लक्षित समूहका बालबालिहरुलाई लक्षित गरि आवासिय तथा निःशुल्क यातायातको व्यवस्था गरी नेपालको संविधान २०७२ ले सुनिश्चत गरेको प्रत्येक बालबालिका तथा नागरिकको मौलिक हकलाई अनिवार्य पुरा गर्ने लक्ष्य राखिएको छ। शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, विद्युत तथा सञ्चार जस्ता अति आवश्यक विकासका पूर्वाधारहरुमा सबैको पहुँच पुऱ्याउन तुर्माखाँद गाउँपालिकामा एकिकृत बस्ती बसाउन सकिने क्षेत्रको संभाव्यता अध्यायनको शुरुवा गरिने लक्ष्य पनि यस योजनाको रहनेछ।

## ३.३ माध्यमिक शिक्षा

**परिचयः**

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी दुई तहमा विभाजन गरेको छ । कक्षा १-८ लाई आधारभूत तह र ९-१२ लाई माध्यमिक तह मानिएको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षालाई निःशुल्क रुपमा प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले माध्यमिक विद्यालयको शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारभित्र रहने व्यवस्था गरेको छ ।

### ३.३.१ वर्तमान अवस्थाः

निम्नलिखित विषय क्षेत्रहरुको आधारमा तुर्माखाँद गाउँपालिकाको माध्यमिक शिक्षाको वर्तमान अवस्थाको विश्लेषण गरिएको छः

१. माध्यमिक शिक्षामा विभिन्न समूह र समुदायका बालबालिकाको पहुँच र सहभागिताको अवस्था तथा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या

२. माध्यमिक शिक्षामा सिकाइ उपलब्धि/परीक्षाको नतिजा

३. शिक्षक आपूर्ति तथा व्यवस्थापन

४. समुदायको सहभागिता तथा साझेदारिताको अवस्था

स्थानीय तहले गरेका असल अभ्यासहरुः पहुँच, सहभागिता, संस्थागत सुदृढीकरण, शिक्षक व्यवस्थापन, परीक्षा सञ्चालन, वैकल्पिक सिकाइ व्यवस्थापन, वातावरण संरक्षण, सिकाइ सामग्रीहरुको व्यवस्थापन, विद्यार्थीहरुको प्रतिभा पहिचान तथाअतिरिक्त क्रियाकलापका कार्यक्रमहरु आदि ।

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**माध्यमिक तहको शिक्षामा देखिएका प्रमुख समस्या र चुनौतीहरू:**

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित नहुनु,

२. माध्यमिक तहको सुविधा लक्षित वर्गमा प्रभावकारी रुपमा कार्यान्वयन नहुनु,

३. माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन नसकिनु,

४. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउन नसकिनु,

५. विद्यालय खानेपानी पोषण र स्वास्थ्य सरसफाई लगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्न नसकिनु,

६. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्न र माध्यमिक तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र वैद्य बनाउन नसकिनु ।

### ३.३.२ उद्देश्यः

माध्यमिक शिक्षासँग सम्बन्धित यस तुर्माखाँद गाउँपालिकाका उद्देश्यहरु निम्नानुसार रहेका छनः

१. माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,

३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण, बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउने,

४. माध्मिक तहको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्ने,

५. विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउने,

६. शिक्षण सिकाइ क्रियाकलाप समयसापेक्ष बनाउदै सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गर्ने,

७. विद्यालय नक्शाङ्कनका आधारमा विद्यालय स्थापना गर्ने,

८. आवासीय विद्यालयको व्यवस्था गर्नुका साथै यातायातको व्यवस्था गर्ने,

९. विद्यार्थीहरुमा पोषण, सरसफाई र गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्ने,

१०. माध्यमिक तहमा विषयगत शिक्षकको दरवन्दी व्यवस्था र वृति विकासमा जोड दिने ।

डम्बर बहादुर वि.सी.
अध्यक्ष

३.३.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हाँसिल गर्नको लागि यस गाउँपालिकाले अपनाउने रणनीतिहरु निम्नानुसार रहेका छनः

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ ।

२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरिनेछ ।

५. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गरिनेछ ।

६. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गरिनेछ ।

७. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८. शिक्षण सिकाइ पद्धतिमा सुधार गरिनेछ ।

९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गरिनेछ ।

१० विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारी र जलवायू परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाइनेछ ।

११. कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गरिनेछ ।

१२. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गरिनेछ ।

१३. आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणालीको विकास गरिनेछ ।

३.३.४ प्रमुख उपलब्धि तथ नतिजाः

उपलब्धिः

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छः

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नतिजाः

१. सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुने ।

२. सबै माध्यमिक विद्यालयहरुमा विषय शिक्षकको व्यवस्था भएको हुने ।

३. माध्यमिक विद्यालय तह पार गर्ने विद्यार्थीहरुले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने।

४. माध्यमिक तहमा गुणस्तरीय शिक्षाको सुनिश्चितता भएको हुने ।

५. विद्यालयहरुमा बालमैत्री, समावेशी र सुरक्षित वातावरण भएको हुने ।

६. विद्यार्थी, शिक्षक, प्रशासक र सरोकारवालाहरु जवाफदेहिता भएको हुने ।

७.विद्यालय शिक्षामा सूचना तथा प्रविधि लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग भएको हुने ।

८. विद्यार्थीहरु विभिन्न सामाजिक कार्यहरु (जु.रे.स., बालक्लव, स्काउट आदि) मा संलग्न रही प्राकृतिक प्रकोप तथा विपद् सहयोगीका रुपमा सहभागी भएको हुने ।

९. कम्तिमा ५ ओटा माध्यमिक विद्यालयमा आवासीय सुविधाको व्यवस्था भएको हुने ।

१०. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास भई पेशाप्रति उत्प्रेरित भएको हुने ।

### ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा यस पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने धारणा राखेको छ ।

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क पाठ्यपुस्तक वितरण कक्षा ९ देखि १२ सम्म | संख्या | | | | | | | | आवश्यकतानुसार |
| २ | विद्यालय नक्शाङ्कन / स्तरोन्नति | पटक | | | | | | | | द्विबार्षिक |
| ३ | प्राविधिक धारको विद्यालय स्थापना | संख्या | | | | | | | | ३ वटा |
| ४ | शिक्षामा स्टिमको प्रयोग | | | | | | | | | |



कुम्बर बहादुर के.सी.
अध्यक्ष

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | आवासीय विद्यालयको विकास | संख्या | | | | | | | | | आवश्यक तानुसार |
| ६ | विद्यालयमा यातायातको व्यवस्था | संख्या | | | | | | | | | आवश्यक तानुसार |
| ७ | विषयगत दररवन्दी निर्धारण र वितरण | संख्या | | | | | | | | | आवश्यक तानुसार |
| ८ | विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता | पटक | | | | | | | | | अर्धबार्षिक |
| ९ | विषयगत प्रयोगशालाको व्यवस्था | संख्या | | | | | | | | | आवश्यक तानुसार |
| १० | विपद् व्यवस्थापनमा विद्यालय संरचना समितिहरुलाई परिचालन | संख्या | | | | | | | | | आवश्यक तानुसार |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास भवन, फर्निचर कक्षाकोठा, खानेपानी , खेलमैदान, घेरापर्खाल शौचालय र बाल उद्यान | संख्या | | | | | | | | | आवश्यक तानुसार |
| १२ | विपद् व्यवस्थापनका लागि क्षमता अभिवृद्ध तालिम | पटक | | | | | | | | | बार्षिक |
| १३ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | | | | | | | | | | आवश्यक तानुसार |
| १४ | वि व्य स, शिअसं का पदाधिकारीहरु र प्र अ को क्षमता अभिवृद्धि | पटक | | | | | | | | | बार्षिक |
| १५ | पेसागत शिक्षक तालिमको व्यवस्था | पटक | | | | | | | | | बार्षिक |
| १६ | माध्यमिक तहमा भर्ना दरमा वृद्धि र टिकाउका लागि आकर्षक छात्रवृत्तिको व्यवस्था | | | | | | | | | | आवश्यक तानुसार |
| १७ | विद्यालयमा स्वास्थ्य परीक्षण र स्वास्थ्यकर्मीको व्यवस्था | संख्या /पटक | | | | | | | | | मावि १ जना/ अर्धबार्षिक |
| १८ | गरिब विद्यार्थी र जेहेन्दारलाई छात्रवृत्ति | संख्या | | | | | | | | | आवश्यक तानुसार |



डम्बर बहादुर वि.सी. अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | शैक्षिक तथा सिकाइ सामग्री निर्माण | संख्या | | | | | | | | आवश्यक तानुसार |
| २० | भौतिक संरचना नियमित मर्मत सम्भार तथा संरक्षण | संख्या | | | | | | | | आवश्यक तानुसार |
| २१ | एक शिक्षक एक ल्याप टप अनुदानको व्वस्था | संख्या | | | | | | | | आवश्यक तानुसार |

तुर्माखाँद गाउँपालिकाले आगामी १० बर्ष भित्र यस पालिका भित्र कम्तिमा ३ वटा विद्यालयलाई प्राविधिक धारको कक्षा सञ्चालन र प्रत्येक मा.वि मा एक जना स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्यकर्मी तथा सबै विद्यालयहरुमा अर्धबार्षिक रुपमा विद्यार्थीहरुको स्वास्थ्य परिक्षणको व्यवस्था, विपद् व्यवस्थान, विव्यस, शिअसं, प्र.अ. र शिक्षकको पेसागत दक्षता तालिम हरेक बर्षको एक पटक अनिवार्य गराउने र तालिकामा प्रस्तुत गरिएका अन्य कार्यक्रम अवश्था र आवश्यकतानुसर गर्ने लक्ष्य राखेको छ।

## ३.४ उच्च शिक्षाः

### ३.४.१ बर्तमान अवश्था

नेपालको संविधानले उच्च शिक्षा प्राप्त गरिसकेपछि मध्यम र दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । स्नातक उत्तिर्ण जनशक्तिलाई मध्यम जनशक्ति र स्नातकोत्तर वा सो भन्दा माथि उत्तिर्ण जनशक्तिलाई उच्च दक्ष जनशक्ति मानिएको छ । तुर्माखाँद गाउँपालिकाले मध्यम स्तरीय जनशक्ति उत्पादनका लागि तुर्माखाँद बहुमुखी क्याम्पस स्थापनानार्थ त्रि.वि.वि./सुदूरपश्चिम विश्वविद्यालयबाट सम्बन्धन तथा स्वीकृतिका लागि प्रस्ताव गरेको छ ।

अछाम जिल्लाको सदरमुकाम मंगलसेनदेखि करिब ६५ किलोमिटर दक्षिणपूर्व क्षेत्रमा स्थापनाको लागि प्रस्ताव गरिएको उक्त क्याम्पसको करिब १० रोपनी क्षेत्रफलको जग्गा समेत खरिद/उपलब्ध भैसकेको छ । तुर्माखाँद बहुमुखी क्याम्पस स्थापना भएको खण्डमा यो अछाम जिल्लाको सातौं क्याम्पस हुनेछ । अछाम जिल्लामा ६ वटा क्याम्पसहरु सञ्चालनमा रहेता पनि यी सबै क्याम्पसहरु तुर्माखाँद गाउँपालिकाको पहुँचबाट निकै टाढा भएकोले तुर्माखाँद गाउँपालिकाको केन्द्रमा स्थापना हुने यो बहुमुखी क्यामपसबाट बालबालिकाहरुको उच्च शिक्षा हाँसिल गर्ने सपना पुरा हुने अपेक्षा गर्न सकिन्छ ।

३.४.२ उच्च शिक्षाका समस्या तथा चुनौतिहरुः

१. क्याम्पसका लागि आवश्यक जग्गा खरिद भई स्थापना तथा सम्बन्धनका लागि प्रस्ताव पेश भएता पनि सम्वन्धन प्राप्त हुन नसक्नु ।

२. आर्थिक व्यवस्थापन गर्न नसकिनु ।

३. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण नहनु ।

४. विद्यार्थी भर्ना तथा योग्य शिक्षकको व्यवस्थापन गर्न नसकिनु ।

३.४.३ तुर्माखाँद गाउँपालिकाका उच्च शिक्षाका उद्देश्यहरुः

१. तुर्माखाँद गाउँपालिकामा उच्च शिक्षा प्रदायक संस्थाको स्थापना पश्चात् यस गाउँपालिकाका सबै बालबालिकाहरुलाई उच्च शिक्षाको पहुँचमा ल्याउने,

२. समावेशीसहित गुणस्तरीय उच्च शिक्षा प्राप्तिको अवसर दिने,

३. यस पालिकाभित्र र बाहिरको लागि विवध क्षेत्रमा काम गर्ने मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने,

४. उच्च शिक्षालाई जीविकोपार्जन तथा आयआर्जनसंग जोड्ने ।

३.४.३ रणनितिः

१. जतिसक्दो चाँडो सम्बन्धनको लागि संघ र प्रदेश सरकार तथा त्रिभुवन विश्वविद्यालयसंग आवश्यक समन्वय गरिनेछ ।

२. क्याम्पसको भौतिक पूर्वाधार निर्माणमा आवश्यक पहल/सहयोग गरिनेछ ।

३. शिक्षक भर्ना तथा विद्यार्थी छात्रवृत्तिको लागि अनुदान प्रदान गरिनेछ ।

४. क्याम्पस तथा कक्षाकोठालाई सूचना प्रविधिमैत्री बनाउनमा जोड दिईने र आवश्यक सहयोग गरिनेछ ।

५. हाम्रो मात्र हैन राम्रो क्याम्पसको रुपमा विकास गर्न आवश्यक सहयोग गरिनेछ ।

## परिच्छेद- ४
## अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु
## (प्रदेश र संघीय तहसँगको अन्तरसम्बन्ध)

तुर्माखाँद गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तुर्माखाँद, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**परिचयः**

देशको वर्तमान शासकीय स्वरुप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरुपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघिय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको संख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन, लगाएतका पक्षहरुलाई समेत विचार गरेर सस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाईका अवसरहरुको विस्तार र समता तथा समावेशितासहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उदेश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्द्धन गरी शिक्षा विकासका कार्यक्रमहरु कार्यान्वयनका लागि विद्यमान पद्धतिको समिक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतिहरु पहिचान गरिएको छ । पहिचान गरेका चुनौतिहरुको सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रकियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ ।

### ४.१ वर्तमान अवस्थाः

वर्तमान अवस्थामा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण संघिय, योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रुपमा राष्ट्रिय परिक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशिल छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघिय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरुको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेषगरी संघिय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश



ईश्वर बहादुर वि.सी. अध्यक्ष

स्थानिय कानुनहरु विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन हुन नसकेका गुनासाहरु मात्र होइन यथार्थ पनि हाम्रो सामु छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रहरु मध्ये सातवटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रुपमा क्रियाशिल रहेका छन्। अन्य तालिम केन्द्रहरु खारेज भएका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशानलयहरु प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साविकका जिल्ला शिक्षा कार्यालयहरु शिक्षा विकास तथा समन्वय इकाइमा रुपान्तरण भएका छन् । लोक सेवा आयोगले कम्तिमा एउटा स्थानीय तहका लागि एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका करिब ७०० शिक्षा सेवाका कर्मचारीहरुको सिफारिस गरेको छ । तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४ (घ) १ को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन । संघीय स्वरुप अनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ ओटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन । एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशिल र प्रभावकारी नभएको अवस्था छ । त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुनः परिभाषित गर्नुपर्ने देखियो । जिल्ला समन्वय इकाइ र प्रदेश शिक्षा निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा खेर जाने अवस्था छ। साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परिक्षा बोर्ड गठन भएको छ । तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परिक्षामा सहजिकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ । कक्षा १० को परिक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने कक्षा १२ को परिक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदद्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट संचालन भइरहेका कार्यक्रमहरुलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन । शिक्षकहरुलाई स्थायी पदको शिक्षकमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरु सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुंगो लाग्न बाँकी नै रहेको अवस्था छ। विद्यालय निरिक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै



इश्वर बहादुर वि.सी.
अध्यक्ष

आएका सेवा समाप्त भई विद्यालयहरुमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु पर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाइ सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

संघीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ ओटा कार्य के कसरी गर्ने विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा, बढुवा, कार्यसम्पादन मूल्याङ्कन, शिक्षक तालिम, दरबन्दी सिर्जना आदि जस्ता कुराहरुमा अन्यौल नै छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ ।

### ४.१.२ उदेश्यहरुः

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उदेश्यहरु निम्न अनुसार छनः

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय, सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने र संस्थागत व्यवस्था गर्ने,

२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने,

३. कार्य सम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी सुशासन अभिवृद्धि गर्ने,

४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक, प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

### ४.१.३ रणनीतिहरुः



कुम्भर बहादुर बि.सी.
अध्यक्ष

१. स्थानीय तह, प्रदेश र संघीय सरकारविच समन्वय र सहकार्य गरिने छ ।
२. संघीय सरकारलाई संघीय शिक्षा ऐन र प्रदेश शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ ।
३. स्थानीय तहको शिक्षा ऐन, नियम, नियमावली, निर्देशिका तथा कार्यविधिहरु तयार गरी कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।
४. प्रदेश र स्थानीय सरकारको उत्तरदायित्व लगायतका पक्षहरुमा स्पष्टता कायम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ ।
५. संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ ।
६. पालिकाभित्रका सम्पूर्ण शैक्षिक गतिविधिको रेखदेख, सञ्चालन र व्यवस्थापन गर्न गाउँ शिक्षा समितिलाई थप क्रियाशिल बनाइने छ ।
७. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहबीच कार्यविवरण स्पष्ट गरिने छ ।
८. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।
९. औपचारीक शिक्षा र जीवनपर्यन्त सिकाईको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।
१०. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

### ४.१. ४ उपलब्धि,नतिजा र प्रमुख क्रियाकलापः

**क) उपलब्धिः**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाईप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।

**ख) प्रमुख नतिजाहरुः**

१. तीनै तहका सरकार विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने ।
२. तीनै तहका सरकार, विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने ।
३.शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमतामा सुधार हुने ।
४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाईप्रति

जवाफदेही, समतामूलक तथा समावेशी कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने।

### ४.२ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

तुर्माखाँद गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तुर्माखाँद, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

#### ४.२.१ वर्तमान अवस्थाः

यस तुर्माखाँद गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारकालागि स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनको सम्बन्धमा भएको व्यवस्थाहरु यस प्रकार रहेका छनः

१. कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनको चरणमा रहेको।

२. शैक्षिक सत्र २०८२ देखि लागू हुने गरी कक्षा १ को स्थानीय बिषयको पाठ्यपुस्तक निर्माणको चरणमा रहेको ।

३. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम विद्यालयहरुमा पाठ्यक्रमहरु लागू भएको ।

४. राष्ट्रिय पाठ्यक्रम विकास केन्द्रले निर्दिष्ट गरेका पाठ्यपुस्तकहरु लागू भई कार्यान्वयन भइरहेको ।

५. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन भइरहेको ।

६. विद्यालयलाई सूचना तथा सञ्चार प्रविधियुक्त बनाउन प्रत्येक बर्ष आवश्यकताको आधारमा विद्यालयलाई ICT-Lab को योजना वितरण गरी कार्यान्वयन गर्ने गरेको ।

७. आवश्यकताको आधारमा पाठ्यक्रम प्रबोधीकरण तालिम सञ्चालन गर्ने गरेको ।

८. पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन सम्बन्धिको गतिविधिको नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने गरेको ।

#### ४.२.२ उद्देश्यः

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनसंग सम्बन्धित पालिकाका उद्देश्यहरु यस प्रकार रहेका छनः

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्ने,

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्ने,

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्ने ।



डम्बर बहादुर बि.सी. ६४
अध्यक्ष

४.२.३ रणनीतिः

माथि उल्लेखित उद्देश्यहरु हाँसिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छन्ः

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गरिनेछ ।

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा अन्य सरोकारवालहरूलाई प्रबोधीकरण गरिनेछ ।

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गरिनेछ ।

४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।

५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्व-अध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गरिनेछ ।

६. माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गरिनेछ।

७. विद्यालमा आधारित सहयोग पद्धति विकास गरिनेछ ।

८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकाहरुलाई सहयोग गर्ने व्यवस्था मिलाईनेछ ।

९. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाईनेछ ।

१०. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास तथा प्रयोगलाई व्यवस्थित गरिनेछ ।

११. स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायू परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुहरुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

१२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिनेछ ।

१३. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गरिनेछ ।

४.२.४ **प्रमुख उपलब्धि तथा नतिजाः**

उपलब्धिः

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छनः

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

२. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

<u>नतिजा</u>

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजा विवरण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एकिकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | संख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | आवश्यकतानुसार |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | संख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | आवश्यकतानुसार |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | संख्या | ० | | | | | | | आवश्यकतानुसार |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | संख्या | ० | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | संख्या | ० | २ | २ | २ | २ | २ | १० | |

## ४.२.५ प्रमुख क्रियाकलाप र लक्ष्य

पालिकाले गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य विवरणः

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | बार्षिक |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | | | | | | | | एकाइगत |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय पाठ्यपुस्तक विकास तथा कार्यान्वयन | कक्षा | ० | १ | २२३ | ४२५ | ६.८ | १.८ | १.८ | सबै विद्यालय |

## ४.३ शिक्षक व्यवस्थापन र विकास

### ४.३.१ वर्तमान अवस्थाः

यस तुर्माखाँद गाउँपालिकामा शैक्षिक समता र समावेशीकरणमा निम्न अवस्था रहेको देखिन्छः

१. आर्थिकरुपले बिपन्न बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरेको ।

२. दलित छात्र-छात्राहरुलाई कक्षा १२ सम्ममा निःशुल्क अध्ययन गर्न पाउने व्यवस्था गरेको ।

३. गाउँपालिकाबाट सिर्जित शिक्षक तथा कर्मचारी दरबन्दीमा दलित आरक्षणको व्यवस्था गरेको।

४. महिला, दलित र अपाङ्गहरुलाई शैक्षिक समता र समावेशीकरणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरेको ।

### ४.३.२ उद्देश्यः

शिक्षक व्यवस्थापन र विकाससँग सम्बन्धित पालिकाका उद्देश्यहरु यसप्रकार रहेका छनः

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्ने,

२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्ने,

३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्ने ।

### ४.३.३ रणनीतिः

माथि उल्लेखित उद्देश्यहरु हाँसिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार छनः

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गरिनेछ ।

२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गरिनेछ ।

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम सञ्चालन गरिनेछ ।

४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।



डम्बर बहादुर बि.सी.
अध्यक्ष

५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ ।

६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छनः

१. दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।

२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

<u>नतिजा</u>

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजा विवरणः

| क्रसं | सूचक | आधार वर्ष (२०८०/०८१) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ६२ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |



डम्बर बहादुर वि.सी
अध्यक्ष

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | १६ | २५ | ३५ | ४५ | ५५ | ६५ | ७५ | ८५ | ९५ | १०० |
| ५ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | ० | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ४ |

डम्बर बहादुर बि.सी.
अध्यक्ष

### ४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यः

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति | संख्या | | | | | | | | आवश्यकता अनुसार |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | संख्या | | | | | | | | बार्षिक १० प्रतिशत |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | संख्या | | | | | | | | सबैले तोकिएको समयावधि अनिवार्य पूरागर्ने |

## ४.४ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्थाः

यस तुर्माखाँद गाउँपालिकामा शैक्षिक समता र समावेशीकरणमा निम्न अवस्था रहेको देखिन्छः

१. आर्थिकरुपले बिपन्न बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरेको ।

२. दलित छात्र-छात्राहरुलाई कक्षा १२ सम्ममा निःशुल्क अध्ययन गर्न पाउने व्यवस्था गरेको ।

३. गाउँपालिकाबाट सिर्जित शिक्षक तथा कर्मचारी दरबन्दीमा दलित आरक्षणको व्यवस्था गरेको ।

४. महिला, दलित र अपाङ्गहरुलाई शैक्षिक समता र समावेशीकरणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरेको ।

### ४.४.२ उद्देश्यः

शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित पालिकाका उद्देश्यहरु यसप्कार रहेका छनः

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्ने,

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्ने,

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दूर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्ने ।

४.४.३ रणनीतिः

माथि उल्लेखित उद्देश्यहरु हाँसिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छनः

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गरिनेछ ।

२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताको किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गरिनेछ ।

३. छात्रवृत्तिका लागि विपन्न लक्षित वर्गको पहिचान गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको सहभागिता सुनिश्चित हुने व्यवस्था गरिनेछ।

४. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गरिनेछ ।

५. विद्यालयमा सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिनेछ ।

६. आाधारभूत तहमा मातृभाषा, स्थानीय भाषा, वा बहुभाषा प्रयोग गरी सिकाइने अवसर प्रदान गर्न प्राथमिकता दिईनेछ ।

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै वृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धी बिषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गरिनेछ ।

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दूर्व्यवहार, बहिष्करण र हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिनेछ ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छनः

लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

<u>नतिजा</u>

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजा विवरणः

| क सं | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८०/०८१) | २०८४/०८५ | २०८६/०९० |
|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या प्रतिशत | १.३ | १.० | ०.८ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक प्रतिशत | १.०१ | १.०१ | १.०१ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक प्रतिशत | १.०६ | १.०१ | १.० |

### ४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यः

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | | | | | | | | |
| ३ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | | | | | | | | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | | | | | | | | |
| ५ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | विद्यार्थी सङ्ख्या | | | | | | | | |
| ६ | अपाङ्गतामैत्री विद्यालय सँख्या | | | | | | | | | |

### ४.५ दिवा खाजा सहित पोषण तथा स्वास्थ्य कार्यक्रम

#### ४.५.१ वर्तमान अवस्थाः

यस तुर्माखाँद गाउँमापालिकामा दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रमको अवस्था देहाय बमोजिम रहेको छः

१. पालिकामा सञ्चालित बा तथा विद्यालयहरुमा.के.बि. प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुलाई दिवा खाजा खुवाउने व्यवस्था रहेको ।

२. प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुलाई दिवा खाजा बापत् प्रति विद्यार्थी रु.१५/- का दरले सम्बन्धित बा.बि.के. र विद्यालयहरुको खातामा भुक्तानी गर्ने व्यवस्था रहेको ।

३. पालिकामा सञ्चालित विद्यालयहरुमा समय-समयमा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण, जुकाको औषधि, आइरन फोलिक एसिड र स्यानिटरी प्याड आदिको व्यवस्था गर्ने गरेको ।

४.५.२ उद्देश्यः

यस तुर्माखाँद गाउँपालिकामा दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित उद्देश्यहरु यस प्रकार रहेका छनः

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्ने,

२. स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्ने ।

४.५.३ रणनीतिः

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यस प्रकार रहेका छनः

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने,

२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने,

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयास पानी, साबुन तथा सफाई सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसरमा सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

४. विद्यालयहरूमा प्राथमिक उपचार किट बक्स, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्मपोषक तत्व प्रदायक भिटामिन 'ए' तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने,

५. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरुलाई प्राथमिकता दिने,

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी, सार्वजनिक, साझेदारी, अभिभावकहरूको सहभागिता र विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने,

७. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू यस प्रकार रहेका छनः

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

नतिजा

**योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।**

| क्रसं | सूचक | आधार वर्ष (२०८०/०८१) | २०८४/०८५ | २०८६/०९० | कैफयत |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १ देखि ५ | कक्षा ६ | कक्षा ७-८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | न्यूनतम रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणमा पहुँच पुगेका विद्यालयको सँख्या | | | | सबै विद्यालय |
| ५ | न्यूनतम खानेपानी, र शौचालयको सुविधा पुगेका विद्यालयहरुको संख्या | ४६ | ६२ | मर्मतसम्भार तथा स्तरोनन्ति | |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | १ | ५ | ६ | |

## ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य

| | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | संख्या | | | | | | | | सबै विद्यालयहरुमा छुट्टै भान्साघर बनाउने |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | संख्या | | | | | | | | सबै विद्यालयहरुमा |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | संख्या | | | | | | | | समबद्ध कृषि सहकारी तथा कृषकहरुलाई तालिमको व्यबस्था गर्न |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि | संख्या | ४६ | | | | ५२ | ६२ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अलग अलग शौचालय | | | | | | | | | |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | संख्या | | | | | | | | कक्षा ६ देखि माथी संचालित सबै |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | संख्या | | | | | | | | सबै |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट बक्स प्रदान | संख्या | | | | | | | | सबै |

मानमाद

## ४.६ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

### ४.६.१ वर्तमान अवस्थाः

विद्यमान् नीतिगत व्यवस्थाः

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ अनुसार प्रदेश र स्थानीय तहमा विपद् उत्थानशीलताको संयन्त्रको व्यवस्था रहेको ।

२. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था रहेको ।

३. भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दूराचारबाट मुक्त सिकाइ व्यवस्था भएको ।)

४. विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दूर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको ।)

५. बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको।)

६. विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१ को व्यवस्था रहेको ।

७. वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन) को व्यवस्था रहेको ।

८. वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धि क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने) को व्यवस्था रहेको ।

९. दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति२०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको ।

स्थानीय तहको विद्यमान अवस्थाः

यस पालिकामा आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षाको अवस्था

१. बालमैत्री र विपद उत्थानशील विद्यालय वातावरण र कक्षाकोठा तथा सबैका लागि सुरक्षित वातावरण कायम राख्न प्रयासरत रहेको ।

२. तुर्माखाँद पालिकाको विभिन्न क्षेत्रमा आइपरेका विपत्ति जस्तै आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिहरूबाट पिंडीत व्यक्तिहरुलाई राहत तथा उद्धार सहित सोबाट बच्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालनमा रहेको ।

३. कोभिड- १९ महामारीबाट प्रभावित यस पालिकाका विद्यालयमा अध्ययनरत सम्पूर्ण बालबालिकाहरुको सिकाइ आपूरणका लागि टोल शिक्षा सञ्चालन गरेको ।

### ४.६.२ उद्देश्य

आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षासँग सम्बन्धित पालिकाका उद्देश्यहरु यसप्रकार रहेका छनः

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने,
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्ने,
३. आपतकालीन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्ने ।

### ४.६.३ रणनीतिः

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छनः

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरिनेछ ।

२. सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराइनेछ ।

३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गरिनेछ ।

४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गरिनेछ।

५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरिनेछ ।

६. विद्यालयस्तरीय विपद्को सामना गर्ने प्रतिकार्य योजना तयार गरिनेछ ।

७. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ ।

७. विपद् व्यवस्थापनको लागि विद्यालयको क्षमता विकास गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार यस पालिकामा विद्यालय पूर्वाधार विकास समिति गठन गरिनेछ जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड आदि सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्नेछ ।

९. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाइनेछ ।

१०. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छनः

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

<u>नतिजा</u>

कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू ।

| क्रसं | सूचक | इकाई | आधार वर्ष (२०८०/०८१) | २०८४/०८५ | २०८६/९० | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | संख्या | ४ | ४ | ४ | |
| २ | हरित विद्यालय सँख्या | संख्या | ० | ६ | ६ | |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास समबन्धि कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | संख्या | ० | ६ | ६ | |

### ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | | | | | | | | द्विबार्षिक |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | | | | | | | | | |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | शिक्षक तथा विव्यस तालिम | | | | | | | | | द्विबार्षिक |

## ४.७ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयमा बालबालिका भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाई र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधारहरु विद्यालयका आधारभूत संरचना हुन् ।

एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ ।

राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

### ४.७.१ वर्तमान अवस्थाः

यस तुर्माखाँद गाउँपालिकाका विद्यालयहरुमा भएको भौतिक अवस्था यसप्रकार रहेको छः

१. जम्मा विद्यालय संख्या ५२ ओटा रहेको; जसमा धैरैजसो विद्यालयहरुमा अर्धपक्की तथा कच्ची भवनहरु रहेको अवस्था छ ।

२. यस पालिकाका धेरैजसो विद्यालयहरुमा पुस्तकालय कोठा, प्रयोगशाला कोठा कम्प्युटर कक्ष आदि नभएको अवस्था छ ।

३. यस पालिकाका धेरैजसो विद्यालयहरुमा निर्माण तथा पुर्ननिर्माण गर्नुपर्ने अवस्था छ ।

४. यस पालिकाका धेरैजसो विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा पर्याप्त खानेपानी, शौचालय, फर्निचर, आदि खपुग छ ।

### ४.७.२ उद्देश्यः

विद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित पालिकाका उद्देश्यहरु यसप्रकार रहेका छनः

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्ने,

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास ,मर्मत संभार तथा सबलीकरण गर्ने,

३. जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्ने ।

### ४.७.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हाँसिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छनः

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गरिनेछ ।

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गरिनेछ ।

३. विद्यालय पूर्वाधार विकासका लागि संघ प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाहरुको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गरिनेछ ।

४. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकिकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः
योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छनः

१. सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने ।

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने ।

<u>नतिजा</u>
कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजा विवरणः

| क सं | प्रमुख क्रियाकलापहरू | इकाइ | बर्तमान अवस्था | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | संख्या | ४२ | २ | २ | २ | २ | २ | १० | १० | द्विबार्षिक |
| २ | न्युनतम नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | संख्या | | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ३ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | द्विबार्षिक |
| ४ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्ने विद्यालय सँख्या | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ७ | |

### ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्यः

पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| २ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | | | | | | | | सबै विद्यालय |
| ३ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलगै शौचालय | विद्यालय सङ्ख्या | | | | | | | | सबै विद्यालय |
| ४ | अपाङ्गता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | | | | | | | | सबै विद्यालय |
| ५ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रूजु सूची भर्ने | विद्यालय सङ्ख्या | | | | | | | | सबै विद्यालय |
| ६ | सबलिकरण गर्नु पर्ने कक्षा कोठा संख्या | विद्यालय संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० | उच्च जोखिम अनुसार |

## ४.८ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

तुर्माखाँद गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तुर्माखाँद, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुर्‍याउँदछ । यी चारओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् । उक्त गुरुयोजनाले पहिचान गरेका चारओटा प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो । यी क्षेत्रहरू हालको परिस्थितिमा पनि सान्दर्भिक रहेकोले तदनुकुल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle, 2020) । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्‍याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले



डम्बर बहादुर वि.सी.
अध्यक्ष

नीतिगत आधार तयार गरेका छन् भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले यससम्बन्धी रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरेको थियो ।

विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने; विज्ञान, गणित र अङ्ग्रेजी विषयमा आधारित विद्युतीय सामग्री निर्माण गर्ने; पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने; नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने; एकिकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने रहेका थिए । विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि यी सुविधाहरू पर्याप्त छैनन् । उपलब्ध भए तापनि शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या ज्याँदै कम रहेको छ । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा संघसंस्थामार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । यसका लागि साधन तथा संरचना बढाउनुका साथै यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न विषयमा डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ । दृष्टि विहिनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ । कोभड-१९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेबपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीयप्रति पनि वेभसाइटमा राख्ने गरिएको छ । त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएका श्रव्य तथा श्रव्यदृश्य पाठ्यसामाग्रीहरु शिक्षा तथा मानवस्रोत विकास केन्द्रको Learning Portal मा राखिएको छ । डिजिटल सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन सक्नु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटी लगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुऱ्याउने, क्षमता विकास गर्न विभिन्न किसिमका अपाङ्गता भएकाहरूको लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौतिहरू देखिएका छन् ।

४.८.१ वर्तमान अवस्थाः

यस तुर्माखाँद गाउँपालिकामा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको अवस्था यसप्रकार रहेको छः

१. यस पालिकामा भएका अधिकांश माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास भएको र प्रयोगको अवस्था सन्तोषजनक नरहेको ।

२. यस पालिकामा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास भएका माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरुले शिक्षा तथा मानव संसाधन विकास केन्द्रले निर्माण तथा विकास गरेका Digital material हरूको प्रयोगको अवस्था नाजुक रहेको ।

४.८.२ उद्देश्यः

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित पालिकाका उद्देश्यहरु यसप्रकार रहेका छनः

१.सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्याउने,

२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।

४.८.३ रणनीतिः

उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छनः

१. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

३. विभिन्न कक्षा र बिषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिईनेछ ।

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।

५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गरिनेछ ।

६. कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमबाट दृष्टिबिहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रबन्ध र प्रयोग गरिनेछ ।

४.८.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छनः

१. विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

<u>नतिजा</u>

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजा विवरणः

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | बर्तमान अवस्थामा | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | संख्या | १५ | ४ | ४ | ४ | ४ | ४ | २० | १७ | |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या | संख्या | २७ | ४ | ४ | ४ | ४ | ४ | २० | ५ | |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | संख्या | | ३ | २ | २ | २ | ३ | १२ | ६ | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | संख्या | | ३ | २ | २ | २ | ३ | १२ | ६ | |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | संख्या | ६ | ७ | ८ | ८ | ८ | ५ | ४ | १० | |

## ४.८.५ प्रमुख क्रियाकलाप र लक्ष्य

पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य विवरण

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा **ICT** संरचना विस्तार गरी ईलाइब्रेरी स्थापना | विद्यालय | ३ | ४ | ३ | ३ | ५ | १७ | | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | १२ | ५ | १० | १० | १५ | ५२ | | |
| ३ | शिक्षकहरूको क्षमता विकास | विद्यालय | ५२ | ५२ | | | | | | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | | | | | | | | | |
| ५ | IEMIS व्यवस्थापन | निरन्तर | | | | | | | | |

## परिच्छेदः ५

## सुशासन तथा व्यवस्थापन

परिचयः

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व जिम्मेवारी,पारदर्शिताबोध वा जवाफदेहिपन्,विधिको शासनसमता तथा समावेशीता र व्यापक सहभागिता सुनिश्चित गरी तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित योजनाका उद्येश्यहरु प्रासिमा सहयोग पुर्याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरु जनाउछ । शुसानको प्रत्याभुतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न,निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशिर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ ।



९१

### ५.१.१ बर्तमान अवस्था

१. तुर्माखाँद गाउँपालिकामा गाउँपालिका शिक्षा ऐन निर्माणधिन अवस्थामा रहेको र शिक्षा सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन भइहेको छ ।

२. गाउँपालिकामा गाउँ शिक्षा समिति गठन भई शिक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरु संञ्चालन गरिएको छ ।

३. गाउँ कार्यपालिकाले बार्षिक बजेट निर्माण गरी गाउँ सभामा स्वीकृत गराई कार्यान्वयन गराइरहेको छ ।

४. तुर्माखाँद गाउँपालिकामा विद्यालयमा प्राप्त जनशक्ति नरहेको हाल अपुग जनशक्तिलाई क्रमशः परिपूर्ति गर्दै लगेको अवस्था छ ।

५. विद्यालयको व्यवस्थापन, लेखा प्रणालीको व्यवस्थापन, आर्थिक स्रोत साधनको व्यवस्थापन तथा आर्थिक लेखा प्रणाली तथा सामाजिक परीक्षण सुचारु रुपमा सञ्चालन भइरहेको छ ।

६. तुर्माखाँद गाउँपालिकाभित्रका विद्यालयहरुमा गुनासो सुनुवाई पेटिकाको व्यवस्थापन गरिनुपर्नेमा सम्पुर्ण विद्यालयमा नभएको अवस्था छ ।

<u>शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास</u>

तुर्माखँद गाउँपालिकामा निम्न लिखित विषय क्षेत्रको आधारमा शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकाशको अवस्था विष्लेषण गरिएको छ ।

| शिक्षाको संरचना | संख्या |
|---|---|
| प्रारम्भिक वालविकास केन्द्र | ६२ |
| आधारभूत तह(१-३) | १६ |
| आधारभूत तह (१-५) | १८ |
| आधारभूत तह (१-८) | ६ |
| माध्यामिक तह (९-१०) | ७ |
| माध्यामिक तह (९-१२) | ५ |

## ५.१.२ उद्देश्यः

१. तुर्माखाँद गाउँपालिकामा दक्ष जनशक्तिको व्यवस्थापन गर्ने,

२. तुर्माखाँद गाउँपालिकामा रहेका विद्यालयहरुको शैक्षिक, आर्थिक र भौतिक विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने,

३. तुर्माखाँद गाउँपालिकाभित्रका योजनाहरुको स्रोत साधनको स्वयम् व्यवस्थापन गर्ने ।

## ५.१.३ रणनीतिः

१. तुर्माखाँद गाउँपालिकामा रहेका विद्यालयहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि व्यवस्थापकीय तालिमको प्रबन्ध गरिनेछ ।

२. तुर्माखाँद गाउँपालिकामा कार्यरत शिक्षक तथा कर्मचारिहरुलाई सेवाकालीन तालिम, लेखा तालिम, पुनर्ताजकीय, नव प्रवेशी तालिम, क्षमता अभिवृद्धि तालिमको प्रबन्ध गरिनेछ ।

३. वि.व्य.स., शिक्षक अभिभावक संघ र प्र.अ. लाई नेतृत्व विकास तालिमको प्रबन्ध गरिनेछ ।

४. अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गरिनेछ ।

५. बालक्लब, जुरेस, स्काउट, किशोरी समूहलाई नेतृत्व तथा क्षमता विकास तालिमको प्रबन्ध गरिनेछ।

## ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

१. तुर्माखाँद गाउँपालिकाभित्रका विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी, प्र.अ., वि.व्य.स., शिक्षक अभिभावक संघ, बालक्लब, जुरेस, स्काउट र किशोरी समूहको शैक्षिक एवंम नेतृत्व क्षमता अभिवृद्धि भएको हुनेछ ।

२. तुर्माखाँद गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरुमा सुशासनको प्रत्याभूति भएको हुनेछ ।

३. तुर्माखाँद गाउँपालिकाभित्रका विद्यालयहरुमा आवश्यक स्रोत साधनको उपलब्धता भएको हुनेछ ।

४. तुर्माखाँद गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत छात्र/छात्राहरुका अभिभावकहरुको विद्यालयप्रतिको जिम्मेवारी वृद्धि भएको हुनेछ ।

५. हरेक विद्यालयमा गुनासो पेटिका तथा सूचना अधिकारीको व्यवस्थापन भएको हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

**योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू विवरणः**

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ५ | ५ | ७ | | | | १२ | | सबै विद्यालय हरुमा |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | १६ | ६ | ६ | ६ | ६ | | २४ | | सबै विद्यालय हरुमा |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | ५२ | | | | | | | | सबै विद्यालय हरुमा |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | ५२ | | | | | | | | सबै विद्यालय हरुमा |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | ५२ | | | | | | | | सबै विद्यालय हरुमा |

## प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | वटा | ५ | १२ | १९ | ३१ | ४३ | | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | वटा | ७ | १९ | ३१ | ४२ | ५२ | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | वटा | ५ | १२ | ३२ | ४३ | ५२ | | | |
| ४ | कार्य सम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | वटा | ५२ | ५२ | ५२ | ५२ | ५२ | | | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउने | वटा | ५२ | ५२ | ५२ | ५२ | ५२ | | | |

## २.५ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

तुर्माखाँद गाउँपालिका स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका र गाउँ शिक्षा समितिको निर्णयलाई आधार मानी विद्यालय स्तरमा उपलब्ध जनशक्ति र अभिभावक, राजनीतिक दल आदिको प्रत्यक्ष भूमिका रही शैक्षिक संस्था, शिक्षण सिकाइ कार्यक्रम शैक्षिक व्यवस्थापन आदिको प्रभावकारितालाई मूल्याङ्कन गरी स्थानीय शिक्षा योजना कार्यान्वयन गरिने छ ।

### ५.२.१ वर्तमान अवस्थाः

तुर्माखाँद गाउँपालिकामा शिक्षा योजनाको कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छः

१. तुर्माखाँद गाउँपालिकामा शिक्षा क्षेत्र हेर्ने शिक्षा, युवा तथा खेलकुद शाखामा वर्तमान जनशक्तिको अभाव रहेको छ ।

२. तुर्माखाँद गाउँपालिकामा बार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन गाउँ कार्यपालिका र गाउँ शिक्षा समितिको निर्णय अनुसार भइरहेको छ ।

३. तुर्माखाँद गाउँपालिकामा शिक्षा क्षेत्रको कार्यान्वयन संयन्त्र अन्तर्गत गाउँ कार्यपालिका, शिक्षा युवा तथा खेलकुद शाखा, गाउँ शिक्षा समिति रहेका छन् ।

४. तुर्माखाँद गाउँपालिकामा आवश्यक स्रोत साधनको रुपमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, स्थानीय सरकारको बजेट, विभिन्न सरकारी तथा गैर-सरकारी संघ सस्थाबाट प्राप्त अनुदान, सरोकारवाला अभिभावकबाट प्राप्त रकम, विभिन्न दान-दातव्यहरुबाट प्राप्त आम्दानीबाट नै स्रोत साधनको व्यवस्था गरिएको छ ।

५. तुर्माखाँद गाउँपालिकाले केही कार्यक्रम कार्यविधिका आधारमा कार्यान्वयन गरिएको र ऐन, नियम निर्माणाधीन अवस्थामा रहेको छ ।

## चुनौति तथा अवसरहरुः

चुनौतिहरुः

१. आर्थिक तथा बजेटको अभाव हुनु,

२. स्थानीय स्तरमा तालिम प्राप्त दक्ष जनशक्तिको अभाव हुनु,

३. अभिभावक शिक्षाको अभाव हुनु,

४. स्थानीय स्रोत साधनको अभाव हुनु ।

**अवसरहरुः**

१. आर्थिक तथा बजेटको व्यवस्था भएमा योजनाको लक्ष्य पूरा हुने ।

२. अभिभावक शिक्षा भएमा शिक्षामा गुणस्तर हुने ।

५.२.२ उद्देश्यः

स्थानीय शिक्षा योजना प्रभावकारीका कार्यान्वयनका लागि निम्न लिखित उद्देश्यहरु रहेका छनः

१. तुर्माखँद गाउँपालिकाको शिक्षा योजनाको पुर्ण कार्यान्वयनको सुनिश्चिता गर्ने,

२. तुर्माखाँद गाउँपालिकाका विद्यालयको शिक्षा प्रशासन प्रभावकारी र गुणस्तरीय बनाउने ।

५.२.३ रणनीतिः

१. संघ, प्रदेश तथा स्थानीय तहबाट बजेट माग गरी बार्षिक बजेट तयार गरिनेछ ।

२. तुर्माखाँद गाउँपालिकाले प्रभावकारी विद्यालय शिक्षा कार्यक्रम कार्यन्वयनका आवश्यक कार्यविधि र निर्देशिका बनाइने छ ।

३. विद्यालयमा विद्यालय सुधार योजना (SIP) निर्माण गरी प्रभावकारी रुपले लागू गरिने छ ।

४. अभिभावक वा सरोकारवालासँग आवश्यक अन्तरक्रिया र छलफल गरी विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।

५. विद्यालय व्यवस्थापन कार्यलाई कार्यन्वयनका लागि प्र.अ.र वि.व्य.स . लाई थप जिम्मेवारी बनाइनेछ ।

६. तुर्माखाँद गाउँपालिकाभित्रका सामुदायिक सिकाई केन्द्रलाई सक्रिय बनाई वैकल्पिक शिक्षा, आय आर्जन र सिप विकास कार्यमा जोड दिईनेछ ।

५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजाः**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

## प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले योजना कार्यान्वयनका लागि गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने ।

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | वटा | ५ | १२ | २४ | ४० | ५२ | | | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | वटा | ५ | १४ | २४ | ३५ | ५२ | | | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | वटा | ५२ | ५२ | ५२ | ५२ | ५२ | | | |

# परिच्छेद ६ :

## लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान ,विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित संघीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनको लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरुको लागि बजेट अनुमान, विश्लेषण, स्रोतहरुको पहिचान र व्यवस्थापन गरिएको छ । स्रोतहरुको पहिचान र विश्लेषण गर्दा संङ्घिय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य संघ संस्थाहरुबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुन सक्ने कार्यक्रमहरुलाई प्राथमिकीकरण गरिएको छ ।

### ६.१ वर्तमान अवस्थाः

बिगत ५ वर्षमा यस तुर्माखाँद गाउँपालिकाले विद्यालय शिक्षा क्षेत्रमा गरेको लगानीलाई तपसिल अनुसार विश्लेषण गरिएको छः

१. विद्यालयको भौतिक पूर्वाधार अन्तरगत भवन, शौचालय, खेलमैदान ,खानेपानी, घेरापर्खाल आदि ।

२. शैक्षिक सुधारका लागि विद्यालय समायोजन, तह घटाइएको तथा बढाइएको ।

३. शिक्षण सिकाईका लागि गाउँपालिका अनुदान कोटा वितरण गरिएको ।

४. खेलकुद विकासको लागी वडा स्तरीय र पालिका स्तरीय प्रतियोगिताहरु सञ्चालन गर्ने गरिएको ।

५. शैक्षिक गुणस्तर सुधारका लागि शिक्षग सम्बन्धित संघ-संस्थाहरु भित्र्याउने काम गरेको ।

हालको अवस्थामा स्थानीय तहमा शिक्षामा संघ र प्रदेशबाट भएको लगानी तपसिल अनुसार विश्लेषण गरिएको छः

६. राष्ट्रपति शैक्षिक सुधारका विभिन्न कार्यक्रमहरु संचालनमा रहेको ।

७. संघ र प्रदेशका सशर्त र समपूरक रकमहरु प्राप्त हुने गरेको ।

८. संघीय शिक्षण सिकाइ अनुदान कोटा प्राप्त हुने गरेको ।

९. विभिन्न संघसंस्थाहरुबाट यस तुर्माखाँद गाउँपालिकाको शिक्षा क्षेत्रमा भएको लगानी तपसिल अनुसार विश्लेषण गरिएको छः

१०. वाक नेपाल संस्थाले विद्यालयको दिवा खाजामा तरकारी बापत विगत केही बर्ष अघि प्रति विद्यार्थी रु ३ का दरले उपलब्ध गराएको ।

११. इको हिमाल नेपाल संस्थाले विद्यार्थीहरुको लागि स्वआर्जित छात्रवृत्ति घुम्ति कोष , पोषण बगैंचा

निर्माण, स्वास्थ्य सरसफाई, खानेपानी तथा शौचालय निर्माण गर्ने गरेको ।

१२. यु.एस.ए.आईडी संस्थाले कक्षा १ देखि ३ सम्मको कक्षा कोठा व्यवस्थापन तथा सिकाइको लागि सहयोग गरेको ।

१३. युनिसेफ संस्थाले विद्यालयहरुमा शिक्षण सिकाई सामग्रीमा सहयोग गरेको ।

<u>यस तुर्माखाँद गाउँपालिकाको शिक्षा क्षेत्रमा देखिएका चुनौतिहरुः</u>

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड/अनुसार सञ्चालन गर्न नसकिनु,

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूलाई लक्ष्यित गरी सञ्चालन गरिने

कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु,

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा

बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता नहुनु,

३. यु.एस.ए.आईडी संस्थाले कक्षा १ देखि ३ सम्मको कक्षा कोठा व्यवस्थापन तथा सिकाइको लागि सहयोग गरेको ।

४. युनिसेफ संस्थाले विद्यालयहरुमा शिक्षण सिकाई सामग्रीमा सहयोग गरेको ।

**यस तुर्माखाँद गाउँपालिकाको शिक्षा क्षेत्रमा देखिएका चुनौतिहरुः**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन;

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता;

४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास;

६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक–सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;

७. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;

८. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;

९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;

१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;

११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;

१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;

१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

१५. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;

१६. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

१७. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

१८. अन्ध विश्वास तथा पारम्परागत रुढीबादी कायम रहनु ।

१९. वाल मनोविज्ञानको समस्या हुनु ।

२०. तल्लो तहमा भर्ना भएका दलित छात्र छात्राहरुको संख्या माध्यामिक तह सम्म पुग्दा न्यून हुनु ।

**यस तुर्माखाँद गाउँपालिकाको शिक्षा क्षेत्रमा देखिएका अवसरहरुः**

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने,

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानूनी तथा नीतिगत आधार तयार भएको,

३. दिगो विकास लक्ष्य प्रासिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको,

४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको,

लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको,

५. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको,

६. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने,

७. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको,

८. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने,

९. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको,

१०. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने,

११. स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन भई पाठ्यपुस्तक निर्माणको चरणमा रहेको,

१२. विषयगत दरबन्दी मिलान र आवश्यक थप कोटा वितरण क्रमशः हुँदै गएको,

१३. दलित विद्यार्थीको लागि ११ र १२ कक्षामा निःशुल्क शिक्षाको व्यवस्था गरिएको ।

## ६.२ उद्देश्यः

शिक्षामा लगानी र स्रोत व्यवस्थापनसँग सम्बन्धित यस तुर्माखाँद गाउँपालिकाका उद्देश्यहरु यस प्रकार रहेका छनः

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्ने,

४. जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्ने ।

## ६.३ रणनीति

१. संघ र प्रदेश सरकारको लगानीको अनुपातमा यस गाउँपालिकाबाट पनि आफ्नो स्रोतबाट लगानीमा वृद्धि गरिनेछ ।

२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाइनेछ ।

३. वार्षिक रूपमा कुल बजेटको लगभग ४१ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिनेछ ।

शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिनेछ ।

४. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।

५. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइनेछ ।

६. लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ६.४ प्रमुख उपलब्धि तथा नतिजः

उपलब्धिः

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

शिक्षण सिकाइ उपलब्धि प्रतिशत वृद्धि भई जनमानसमा सकारात्मक प्रभावबाट पलायन हुने विद्यार्थीहरुको दर घटाई पालिकामा विद्यार्थीको संख्या बृद्धि भएको हुनेछ ।

## ६.५ प्रमुख क्रियाकलाप र लक्ष्यका लागि अनुमानित बजेट

क. सङ्घीय, प्रदेश र स्थानीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क सं | अनुदान प्राप्त हुने क्रियाकलाप | २०८१/०८२ | २०८४/०८५ | २०८६/०९० | कैफियत |
|---|---|---|---|---|---|
| वालविकास र शिक्षा | | | | | |
| १ | सहयोगी कार्यकर्ता पारिश्रमिक | २,०३,००,००० | २,२३,३०,००० | २,४५,६३००० | |
| आधारभुत शिक्षा | | | | | |
| १ | शिक्षक तलवभत्ता | ११५७६६४०० | १२७३४३०४० | १४००७७३४४ | |
| माध्यमिक शिक्षा | | | | | |
| २ | शिक्षक तलव | ४२५०५००० | ४६७५५५०० | ५१४३१०५० | |
| ३ | अन्य | ३३८७८७५९ | | | आवश्यकतानुसार |

## ख. अन्य संघसंस्थाबाट प्राप्त बजेट

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | बर्तमान अवस्था | २०८१/०८२ | २०८४/०८५ | २०८६/०९० | |
| | | | | | | |
| १ | शैक्षिक क्रियाकलाप संचालनका लागि | १५६००००० | | | | USAID |
| | | | | | | |

## परिच्छेद- ७

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### योजना कार्यान्वयन

**परिचयः**

योजना निर्माण एक अनुमानित कार्य योजनाको खाका हो । कुनै कार्य सम्पादन गर्नु अगाडिको महत्त्वपूर्ण मार्गचित्र योजनाले समेटेको हुन्छ । कुन-कुन कार्यहरु के-कसरी गर्ने ? कहिले गर्ने ? कहाँ-कहाँ गर्ने ? कति गर्ने ? कसले गर्ने ? बजेटको व्यवस्थापन पक्ष के हो ? इत्यादी विषयवस्तुहरुको समग्र प्रस्ताव योजनामा समावेश भएको हुन्छ । पूर्व योजनाले भविष्यमा गरिने कामहरुलाई सहजीकरण गर्दछ । कार्य आरम्भ गर्नु अगाडि नै विभिन्न जन अपेक्षाहरु, स्रोत साधनको अवस्था, मौजुदा ऐन नियमले गरेको कानूनी व्यवस्था, आदि आधारमा योजना निर्माण गरिन्छ । योजना निर्माण एउटा आधारभूत कुरा भए पनि यसको कार्यान्वयन पक्ष महत्त्वपूर्ण रहन्छ । योजनाले तोकेका उद्देश्य तथा लक्ष्यहरु कार्यान्वयनबाट प्राप्त गर्न सकेमा मात्र योजनाको अर्थ रहन्छ । कार्यान्वयन पक्ष बलियो र सशक्त भएमा प्रतिफल सोचे अनुसार हाँसिल हुन सक्छ । सबैभन्दा जटिल र चुनौतिपूर्ण अवस्था भनेकै योजना कार्यान्वयन हो । कार्यान्वयन सहज र सशक्त भएमा मात्र अपेक्षित क्षेत्रहरुले प्रतिफल दिन सक्छन । योजनामा समावेश गरिएका क्षेत्र तथा विषयवस्तुहरु तोकिएको समयमा सम्पन्न गर्न सकेमा थप योजना पुनः प्रारम्भ गर्ने बाटो खुल्छ।

योजना कार्यान्वयनका लागि उपयुक्त प्रबन्ध गर्नु पर्ने हुन्छ । सम्बन्धित संगठनहरु परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम तथा जिम्मेवारी र उत्तरदायित्त्व, आदिको व्यवस्थापन गरेमा योजना सफल हुन सक्छ। योजना कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तह सबैको भूमिका रहन्छ । योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकोले यसको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ । योजना कार्यान्वयन गर्दा दिगोपना, प्रभावकारिता र कार्य कुशलतामा ध्यान दिनुपर्छ।

माथि उल्लेखित योजनाहरु तुर्माखाँद गाउँपालिकाले के-कसरी कार्यान्वयन गर्ने ? रणनीति तथा क्रियाकलापहरु के-के गर्ने ? भन्ने बारेमा यस परिच्छेदमा प्रष्ट पार्न खोजिएको छः

### ७.१.१ वर्तमान अवस्थाः

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरु संघ, प्रदेश र स्थानीय तहबाट लागू हुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ ।

स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरुको कार्य स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ । स्रोत केन्द्रहरु खारेज भइसकेपछि उक्त स्रोत केन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखा मार्फत हुने गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ ओटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्र देखि स्थानीय तहसम्मका सबै योजनाहरु कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । स्थानीय जनप्रतिनिधिहरुको माग र उनीहरुको संलग्नतामा योजनाहरु कार्यान्वयन हुन्छन्। मुख्यतयाः विद्यालय व्यवस्थापन समितिले विद्यालयका योजनाहरु कार्यान्वयन गर्दछ । योजना कार्यान्वयनमा विभिन्न खालका चुनौति तथा समस्याहरु कायमै रहेका छन् । कुशल व्यवस्थापनका लागि संगठन, संरचना तथा जनशक्ति अभावले प्रभावकारी कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ । हालको व्यवस्थापनको पक्षमा देखिएका चुनौति तथा समस्याहरु निम्न अनुसार छनः

१. पुरानो प्रणालीबाट नयाँ प्रणालीमा प्रवेश गर्दा छुट्टै पद्धतिको विकास नहुनु,
२. स्थानीय तहले कार्यान्वयन गर्ने क्षेत्रहरु स्पष्ट नहुनु,
३. जनशक्तिको अभाव हुनु,
४. विद्यालयमा फराकिलो स्रोत साधन नहुनु ।

### ७.१.२ योजना कार्यान्वयन प्रबन्धः

शिक्षा क्षेत्रको योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रबन्ध गरिनेछः

<u>स्थानीय तहः</u>

१. संघ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदान र अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत राखी वार्षिक बजेट तय गरिनेछ ।

२. शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकास गरी योजना कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरु निर्माण गरिनेछ ।

३. योजना कार्यान्वयनका लागि आवश्यक ऐन, नियम, नीति र निर्देशनको व्यवस्था गरिनेछ ।

४. शिक्षण सिकाइमा सहयोग पुऱ्याउन स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास गरिनेछ ।



डम्बर बहादुर वि.सी. अध्यक्ष

विद्यालयः

१. विद्यालय सुधार योजना निर्माण गर्ने,

२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट र आफ्नै आम्दानी समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने,

३. योजना कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने,

योजना कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी लागू गर्ने,

४. स्थानीय अभिभावक तथा सरोकारवालाहरुसँग अन्तक्रिया तथा सहकार्य गर्ने,

५. कार्यान्वयन गरिएका योजनाको सामाजिक परीक्षण गर्ने ।

### ७.१.३ अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

परिचयः

योजनाहरु विनियोजन र वितरणको अवस्था, लगानी प्रवाह, कार्यक्रम कार्यान्वयन के-कसरी भएको छ ? भनी सुनिश्चित गर्नका लागि अनुगमन तथा मूल्याङ्कन आवश्यक पर्छ । निर्धारित समयमा क्रियाकलापहरु कार्यतालिका अनुसार भए-नभएको र भएको भए प्रतिफलतर्फ उन्मुख भए-नभएको समेत अनुगमन तथा मूल्याङ्कनबाट पत्ता लगाउन सकिन्छ । कार्यान्वयनमा रहेका योजनाहरुका लक्ष्य र प्रगतिका बारेमा नियमित तथा आवधिक रुपमा निगरानी, निरीक्षण एवं जाँचबुझ गर्न जरुरी हुन्छ । योजना के-कसरी अगाडि बढेको छ ? यसले उद्देश्य अनुसार कार्यारम्भ गर्न खोजेको छ,छैन? नियम र प्रक्रिया अनुसार छ वा छैन? कुन-कुन निकाय वा व्यक्तिले अनुगमन गर्ने? के-कस्ता समस्याहरु कार्यान्वयन अवधिमा आइपरे र यसको समाधान के-कसरी गर्न सकिन्छ ? योजनाले दीर्घकालीन फाइदाहरु के-कसरी दिन सक्छ ? इत्यादि बिषयवस्तुको रेखदेखका लागि अनुगमन संयन्त्र हुन जरुरी हुन्छ ।

योजना कार्यान्वयनको समयमा समन्वय र सहजीकरणको आवश्यकता पर्दछ । योजना कार्यान्वयन गरिने सबै क्षेत्र सक्षम नहुन सक्छन । योजनाहरु बहुक्षेत्रसँग सम्बन्धित भएमा समन्वयको खाँचो पर्न सक्छ । कतिपय नीतिगत अस्पष्टता भएमा सहजीकरण गर्नुपर्ने हुन्छ । विभिन्न निकाय र व्यक्तिहरु बिचको समन्वय र सहकार्यले योजना कार्यान्वयनमा तीब्रता ल्याउन सकिन्छ ।यसरी योजना कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन, सहजीकरणको भूमिका महत्त्वपूर्ण हुन्छ ।

७.१.३.१ वर्तमान अवस्थाः

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरु संघ, प्रदेश र स्थानीय तहबाट लागू हुने भएकाले यसको अनुगमन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ । स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरुको अनुगमन तथा मूल्याङ्कन स्थानीय शिक्षा युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरुको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरुको उपलब्धि परीक्षण गर्दै आएको छ । स्रोत केन्द्रहरु खारेज भइसकेपछि उक्त स्रोत केन्द्रमा हुने कार्य स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखामार्फत हुने गरेका छन् । स्थानीय सरकार ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ ओटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरु कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । यसको अनुगमन र मूल्याङ्कन पनि मूलरुपमा स्थानीय तहलाई नै हुन आउँछ ।

तुर्माखाँद गाउँपालिकामा भए गरेका शैक्षिक योजना तथा गतिविधिहरुको अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामार्फत हुने गरेको छ । गाउँपालिकाका जनप्रतिनिधिहरुबाट पनि अनुगमन तथा मूल्याङ्कनमा महत्त्वपूर्ण भीमिका रहँदै आएको छ । माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकाको रहेकोले सबै संयन्त्र गाउँपालिकाले नै सञ्चालन गर्ने गर्दछ ।

<u>योजना अनुगमन तथा मूल्याङ्कनमा निम्नलिखित चुनौतिहरु पहिचान गरिएको छः</u>

१. अनुगमन तथा मूल्याङ्कनका मापनयोग्य सूचक तय गर्न नसकिनु,

२. अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणमा सिप र दक्षता भएका जनशक्तिको व्यवस्था नहुनु,

३. अनुगमनलाई नियमित र एकरुपता बनाउन नसकिनु,

४. अनुगमन र मूल्याङ्कनलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउन नसकिनु ।

७.१.३.२ उद्देश्यः

१. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गर्ने,

२. योजना कार्यान्वयन गर्न उपयुक्त समन्वय र सहजीकरणको विकास गर्ने ।

७.१.३.३ रणनीतिहरुः

१. अनुगमन तथा मूल्याङ्कनका लागि विभिन्न समितिहरुको निर्माण गरिनेछ ।

२. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन छिटो, छरितो र व्यवस्थित बनाइनेछ ।

३. अनुगमनका लागि विभिन्न सूचकहरु बनाइनेछ ।

४. विद्यालय र गाउँपालिका बिच हुने सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ ।

५. गाउँपालिकाले समन्वय र सहजीकरणको भूमिका खेल्ने व्यवस्था गरिनेछ ।

६. जनप्रतिनिधिहरुलाई योजनाको अनुगमन तथा मूल्याङ्कनको कार्यमा संलग्न गराइनेछ ।

७. शिक्षण सिकाइको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ।

८. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अद्यावधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।

९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागू गरिनेछ ।

१० विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ ।

**७.१.३.४, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

क) उपलब्धि

अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरु समाधान भई अपेक्षित उपलब्धि हासिल हुने ।

ख) प्रमुख नतिजाहरुः

१. अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास हुने,

२. अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार आउने,

३. विद्यार्थीहरुको शैक्षिक उपलब्धि सुधार हुने,

४. समन्वय सहजीकरणले कार्य क्षमतामा कुशलता ल्याउने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य विवरणः**

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित सूचक निर्माण | पटक | १ | | १ | | १ | ३ | ६ | |
| २ | अनुगमन कार्य | पटक | २ | २ | २ | २ | २ | १० | २० | आवश्यकताअनुसार |
| ३ | चौमासिक तथा वार्षिक समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४ | प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | समन्वय र सहजीकरण | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | अनुगमन मूल्याङ्कन र क्षमता विकास | पटक | १ | | १ | | १ | ३ | ६ | |



डम्बर बहादुर सिं.सौ
अध्यक्ष

# अनुसूचिहरु

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद,अछाम
सुदूरपश्चिम प्रदेश,नेपाल
२०७३

## अनुसुचि १

### गाउँ शिक्षा क्षेत्र योजना निर्माण मुल सल्लाहकार समिति/गाँउ शिक्षा समिति

| क्र.स. | नामथर | पद | पद र कार्यरत निकाय/संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | डम्बर बहादुर बि.सी. | संयोजक | अध्यक्ष तुर्माखाँद गाउँपालिका,अछाम | |
| २ | बिमला कुमारी शाही | सदस्य | उपाध्यक्ष तुर्माखाँद गाउँपालिका,अछाम | |
| ३ | महेन्द्र बहादुर शाही | सदस्य | वडाध्यक्ष तुर्माखाँद-५ नाडा,अछाम | |
| ४ | मनिराम बुढा | सदस्य | प्र.अ. श्री कालिकेश्वरी मा.वि.तुर्माखाँद,अछाम | |
| ५ | अमृतप्रसाद देवकोटा | सदस्य | प्र.अ. श्री सिद्धेश्वरी मा.वि.धमाली,अछाम | |
| ६ | लक्ष्मी कुमारी बुढा | सदस्य | प्र.अ. श्री विश्वज्योति मा.वि.जैसुर,अछाम | |
| ७ | हिरा कुमारी खड्का | सदस्य | स.अ. श्री भैरब मा.वि.लकान्द्र,अछाम | |
| ८ | छत्रकला बयक | सदस्य | स.अ. श्री कालिकेश्वरी मा.वि.तुर्माखाँद,अछाम | |
| ९ | चन्द्र बहादुर बि क | सदस्य | समाजसेवी वुद्धिजिवी तुर्माखाँद ०८ धमाली | |
| १० | भिम बहादुर चलाउने | सदस्य-सचिव | शाखा प्रमुख शिक्षा युवा तथा खेलकुद शाखा | |



डम्बर बहादुर बि.सी.
अध्यक्ष

## अनुसुचि २

### दश बर्षे गाउँ शिक्षा योजना मस्यौदा लेखन कार्यदल समिति

| क स | नाम | पद | कार्यरत निकाय र पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री महेन्द्र बहादुर शाही | संयोजक | तुर्माखाँद गाउँपालिका ५ नं वडाध्यक्ष | |
| २ | श्री छत्रकला बयक | सदस्य | कालिकेश्वरी मा वि | |
| ३ | श्री उपेन्द्र रावल | सदस्य | तुर्माखाँद गाउँपालिका ५ नं वडाध्यक्ष | |
| ४ | श्री झंकर नेपाली | सदस्य | तुर्माखाँद कार्यपालिका सदस्य | |
| ५ | श्री मन बहादुर बयक | सदस्य | कालिकेश्वरी मा.वि. विद्यालय व्यबस्थापन समिति अध्यक्ष | |
| ६ | श्री पदम बहादुर बुढा | सदस्य | भैरब मा.वि. तुर्माखाँद ३ लकान्द्र ( प्रधानाध्यापक) | |
| ७ | श्री भिम बहादुर चलाउने | सदस्य सचिव | तुर्माखाँद गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा ( शाखा प्रमुख) | |

## अनुसुचि ३

### दश बर्षे गाउँ शिक्षा योजना मस्यौदा लेखन उपसमिति

| क स | नाम | पद | कार्यरत निकाय र पद | कैफियत |
|---|---|---|---|---|
| १. | श्री पदम बहादुर बुढा | संयोजक | प्र. अ. श्री भैरब मावि लकान्द्र | |
| २. | श्री प्रेम बहादुर बिसी | सदस्य | सहायक चौथो शिक्षा युवा तथा खेलकुद शाखा तर्माखाँद तुर्माखाद | |
| ३. | श्री चन्द्र बहादुर शाही | सदस्य | प्र. अ. श्री महालक्ष्मी आवि धमाली पल्चौर अछाम | |

**प्राविधिक सहयोग**

| क स | नाम | पद | कार्यरत निकाय र पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री इन्द्र कुमार थापा | शिक्षा अधिकृत | सामुदायिक विकास केन्द्र (CDC) डोटी | |

## सन्दर्भ सामग्रीहरू


शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (अप्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं ।

शिक्षा मन्त्रालय(२०२८), राष्ट्रिय शिक्षा पद्दति २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं।

शिक्षा मन्त्रालय(२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७१), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७०/२०७१, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७१/२०७२, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७३/२०७४, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७४/२०७५, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०८०), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०८०/२०८१, लेखक: सिंहदरबार, काठमाण्डौं ।

राष्ट्रिय योजना आयोग (२०६८),त्रिवर्षीय योजना२०६७/६८-२०६९/७०, लेखक: सिंहदरबार, काठमाण्डौं ।

राष्ट्रिय योजना आयोग(२०७१), तेह्रौं योजना२०७०/७१-२०७२/७३, लेखक: सिंहदरबार, काठमाण्डौं ।

राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना २०७३/७४-२०७५/७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।

Department of Education (2016), FLASH II Report 2072 (2015-16), Author: Sanothimi, Bhaktapur.

Department of Education (2017), FLASH I Report 2074 (2017-18), Author: Sanothimi, Bhaktapur.

नेपाल कानून आयोग (२०७७), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np

शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४२०७९-/८०,लेखक: सिंहदरबार, काठमाण्डौं ।

नेपालको राष्ट्रिय जनगणना (२०७८)

तुर्माखाँद गाउँपालिका कृषि तथा पशुपंक्षी तथ्याङ्क प्रोफाईल (२०८०)

तुर्माखाँद गाउँपालिका जलउपयोग गुरुयोजना तयारी सर्वेक्षण (२०७९)




कुञ्ज बहादुर ...
अध्यक्ष
११३